सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ मंसिर २०८२, शनिबार (22 Nov 2025, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २१२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झ्याउनयाँ



वार्ता

उदय प्रकाश
(साहित्यकार)

'डिजिटल युग आए पनि लेखकको भूमिका फेरिएको छैन'

डिजिटल युग केवल प्राविधिक अवस्था हो, लेखक एउटा पुरानो अस्तित्व हो

कराँतेकी सानुमाया थिङ इँटाभट्टादेखि विश्व च्याम्पियनसिपसम्म



इजिप्टको कायरोमा ११ देखि १४ मंसिरसम्म हुने विश्व कराँते च्याम्पियनसिपमा सानुमायाले प्रतिस्पर्धा गर्दै



बढ्दै महिला लेखकका पुस्तक

अब महिलाले आफूले देखेको समाजका कुरा आफैंले भन्ने वेला आएको छ

यो महिला जागरणका लागि अग्रसर हुने युग हो। जागरणका लागि हामीले आफ्ना कुरा र अनुभूति जति सक्दो बढी संख्यामा भन्नुपर्छ। यतिवेला हामीलाई संख्या र गुणस्तर दुवै चाहिएको छ। यी दुवैको सन्तुलन मिलाउन हामीले सक्दो मिहिनेत पनि गर्नैपर्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सन्धिखर्क खानेपानी उपभोक्ता संस्थाको चुनाव : आमनिर्वाचनअघिको जनमत

कांग्रेस, एमाले, नेकपा र जनमोर्चाको चारदलीय गठबन्धनका उम्मेदवारलाई हराउँदै स्वतन्त्र विजयी

खसेको १,०६८ मतमा गठबन्धनका उम्मेदवारलाई स्वतन्त्रले १२० मतान्तरले पराजित गरे, जेन-जी आन्दोलनपछि देखिएको यो परिणाम २१ फागुनको प्रतिनिधिसभा निर्वाचनअघि 'दलीय सिन्डिकेट'विरुद्ध विद्रोहको संकेत रहेको विश्लेषकहरूको टिप्पणी

बुटवलमा **विष्णु घिमिरे**
काठमाडौंमा **कमलराज भट्ट**

आसन्न २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा जनमत कता मोडिँदै छ भन्ने संकेत गर्दै अर्घाखाँचीमा स्वतन्त्र नागरिक अभियानका उम्मेदवारले चारदलीय गठबन्धनका उम्मेदवारलाई पराजित गरेका छन्। कांग्रेस, एमाले, नेकपा (माओवादी, एकीकृत समाजवादीलगायतका दलहरू एकता गरेर बनेको) र जनमोर्चाको चारदलीय गठबन्धनका उम्मेदवारलाई १२० मतान्तरले हराउँदै स्वतन्त्र उम्मेदवार बाबुराम भुसाल सन्धिखर्क खानेपानी संस्थाको अध्यक्षमा विजयी बनेका छन्। 'दलीय सिन्डिकेट' तोड्दै वरिष्ठ उपाध्यक्ष, कोषाध्यक्ष र तीन खुला सदस्य पनि स्वतन्त्र उम्मेदवारले जितेका छन्।

नौ सदस्यीय कार्यसमिति र तीन सदस्यीय लेखा समितिमा चार दलले भागबन्डा गरेर उम्मेदवार उठाएका थिए। बुधबार मतदानअघि दलका स्थानीय नेताहरूले विज्ञप्ति नै जारी गरेर गठबन्धनका उम्मेदवारलाई जिताउन अपिल गरेका थिए। त्यति मात्र होइन, गठबन्धनमा आबद्ध दलहरूले सन्धिखर्कभन्दा अलि टाढा रहेका मतदातालाई घरघरबाट गाडीमा ओसारेका थिए। यति गर्दा पनि स्वतन्त्र उम्मेदवारले नेतृत्वसहित ६ पदमा जित निकाले। मतदाता र राजनीतिक विश्लेषकले निर्वाचनको परिणामलाई 'दलीय सिन्डिकेट'विरुद्धको विद्रोह भनेका छन्।

» पृष्ठ २ मा क्रमशः

निर्वाचित भएपछि अध्यक्ष बाबुराम भुसालले भने- 'लामो समयदेखिको दलीय सिन्डिकेट तोडेका छौं, अब पारदर्शी ढंगले काम गर्छौं'



सन्धिखर्कस्थित सभागृहमा बुधबार मतदानमा सहभागी स्थानीय। तस्बिर : अर्घाखाँचीडटकम



बाबुराम भुसाल

"लामो समयदेखिको दलीय सिन्डिकेट तोड्न सफल भएका छौं। नगरवासीले अपार माया र जिम्मेवारी दिनुभएको छ। रास्वपा र राप्रपाले पनि सद्भाव राख्नुभयो, उहाँहरूले दलीय रूपमा नभई स्वतन्त्र नागरिकका रूपमा हामीलाई सघाउनुभयो। संघसंस्थाको पनि साथ रह्यो। हाम्रा सबै काम पारदर्शी हुनेछन्। सबै बैठकको प्रत्यक्ष प्रसारण हुनेछ। आय-व्यय उपभोक्तामाझ सार्वजनिक गर्नेछौं।

स्थानीय संघसंस्थामा यसअघि पनि कांग्रेस, एमालेसहितका गठबन्धनलाई धक्का

चन्द्रपुर नगर उद्योग वाणिज्य संघको गत २१ साउनमा सम्पन्न निर्वाचनमा कांग्रेस-एमाले-माओवादीसहितको पाँचदलीय गठबन्धनलाई हराउँदै चन्द्रपुर नगर उद्योग वाणिज्य संघको अध्यक्षमा रास्वपाका उदयनारायण सापकोटा (सुरेन) विजयी भएका थिए। ८०२ मत खस्दा २३३ मतान्तरले सापकोटाले चुनाव जिते। त्यस्तै, गत असारको अन्तिम साता रुपन्देहीको तिलोत्तमा नगरपालिका- ८, मिलन टोल विकास संस्थामा पनि सत्तारूढ कांग्रेस-एमालेको गठबन्धनका उम्मेदवारलाई पराजित गर्दै रास्वपाका उम्मेदवार विजयी भएका थिए।



■ प्राडा दीपेश घिमिरे भन्छन्-

दलहरू रूपान्तरण भएनन् भने झन् ठुलो क्षति भोग्नुपर्ने सन्देश दिएको छ

पहिलो, नागरिक तहमा गठन भएका उपभोक्ता समिति र सामुदायिक संस्थाहरूमा दलीयकरण घातक छ भन्ने स्थानीय मान्छे र सर्वसाधारणले बुझ्न थालेका छन्। खानेपानी, विद्यालय तथा अस्पतालहरूका व्यवस्थापन समिति, उपभोक्ता समितिलगायत सामुदायिक संस्थामा भइरहेको चरम दलीयकरण घातक रहेको नागरिकले बुझेको देखाउँछ। दोस्रो, नागरिकहरू राजनीतिक संरक्षकवादको विरुद्धमा रहेको देखिन्छ। जेमा पनि राजनीतिक आवरण हालेर भइरहेको बेथितिविरुद्ध नागरिक गोलबद्ध भइरहेको देखाउँछ। तेस्रो, दलहरूले आफ्नो सान्दर्भिकता गुमाउन थालेको हो कि जस्तो देखिन्छ। चार दलको गठबन्धन हुँदा पनि स्वतन्त्रले जितने भनेको दलहरूले राजनीतिक सान्दर्भिकता गुमाउँदै गएको संकेतका रूपमा लिन सकिन्छ। चौथो, राजनीतिक संस्थामा मात्रै राजनीति हुनुपर्नेमा सबै संस्थामा हुँदा नागरिक यो अवस्थामा पुगेको देखिन्छ। पाँचौं, राजनीतिमा पुस्तान्तरण रोक्दाको आक्रोश पनि विभिन्न तहबाट प्रकट भइरहेको छ। पछिल्ला परिणामहरू त्यसकै उपज हो। बहुदलीय व्यवस्थाप्रति नागरिकको असन्तुष्टि होइन।

यसले वैकल्पिक शक्ति वा नयाँ दललाई मौका दिने अवस्था पनि देखिन्छ। यत्रो दलहरूले आफ्नो संगठन यति छ, सदस्य यति छन् भन्छन्, तर नतिजाहरूले ती सबैले बिस्तारै दललाई छोड्दै गएको हो कि जस्तो देखिन्छ। अर्को, दलहरूले नयाँ भनेको सहरमा मात्रै हो, गाउँमा हाम्रो वर्चस्व छ भनिरहेका वेला आएका परिणाम झस्काउने खालकै छ। नागरिक समाज, संस्था र उपभोक्ताहरूमा देखिएको परिणामले दलहरूमा हलचल ल्याउँछ। बाँकी रहेको समयमा पनि दलहरू रूपान्तरण हुन सकेनन् भने झन् ठुलो क्षति भोग्नुपर्ने दललाई सन्देश दिएको छ। परिणाम भयावह हुन्छ।



■ सन्धिखर्कमा वकालत गरिरहेका अधिवक्ता जगन्नाथ भुसाल भन्छन्-

जनताले दलहरू सुधिनुपर्छ भन्ने सन्देश दिए

ठुला दलहरूले जनताको भावनाअनुसार काम गरेनन्। पदहरू दिने सवालमा पनि जनताको रुचिअनुसार गरेनन्। उम्मेदवारीमा सिन्डिकेट लागू गरे। खानेपानीको सन्दर्भमा पनि पपुलर मान्छे ख्याल गरेनन्। दलका तीन-चारजना नेता बसेर फलानो-फलानो भने। उम्मेदवारी उठाए। त्यसले आमनागरिक मात्र होइन, दलकै कार्यकर्ता पनि असन्तुष्ट भए। उनीहरूले यिनी सुधिऊन् भनेर संकेत दिन दलीय उम्मेदवार हराए। प्रस्ट सन्देश अब दलहरू सुधिनुपर्छ भन्ने हो। दलभित्र पनि पूर्ण रूपमा लोकतन्त्र हुनुपर्छ भन्ने सन्देश दिएका छन्। दलले कति मान्छन् हेर्नुपर्छ। मानेनन् भने झन् क्षति व्यहोर्छन्।

प्रशासनसँग सहमति भएसँगै सिमरामा जेन-जीको आन्दोलन स्थगित



जेन-जीका प्रतिनिधि र प्रमुख जिल्ला अधिकारीबिच पथलैयास्थित सशस्त्रको प्राविधिक तालिम शिक्षालयमा भएको वार्ता

■ जेन-जी युवाहरूको सुरक्षा सुनिश्चित गर्ने, घाइतेको उपचारका लागि प्रशासन र स्वास्थ्य संस्थाबिच तत्काल समन्वय गर्ने र हालका घटनासम्बन्धी निष्पक्ष छानबिन तथा दोषीमाथि कारबाही प्रक्रिया छिटो अघि बढाउने विषयमा सहमति

बारामा **इन्दीप कोइराला**

स्थानीय प्रशासनसँग शुक्रबार तीनबुँदे मौखिक सहमति भएसँगै बाराको सिमरामा जेन-जीको आन्दोलन स्थगित भएको छ। पथलैयास्थित सशस्त्र प्रहरी बल नेपाल प्राविधिक तालिम शिक्षालयमा भएको वार्ता सफल भएसँगै तीन दिनदेखिको आन्दोलन स्थगित भएको काउन्सिल अफ जेन-जी बारा संयोजक साइकुस उपाध्याय 'सम्राट'ले बताए। 'हाम्रा

» पृष्ठ २ मा क्रमशः

पाइपलाइन हुँदाहुँदै ट्यांकरबाट पनि पेट्रोल आयात गरेर निगममा कमिसनको खेल, थपिन्छ मासिक ५ करोड व्ययभार

अख्तियारले थाल्यो छानबिन

■ दैनिक २२ ट्यांकरमा आयात गरिन्छ पेट्रोल

अजित अधिकारी / नयाँ पत्रिका

पेट्रोलियम पाइपलाइनको पूर्ण क्षमता प्रयोग नगरी मासिक पाँच करोड रुपैयाँ अतिरिक्त खर्च हुने गरी आयल निगमले ट्यांकरबाट पेट्रोल ढुवानी गर्दै आएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेको छ। आयोग अधिकारीहरूले छिट्टै अनुसन्धान अधिकृत तोकेर विस्तृत छानबिन अगाडि बढाउने बताएका छन्।

नयाँ पत्रिकाले २८ कात्तिकमा 'आयल निगम व्यवस्थापन र ट्यांकर व्यवसायीबिच साँठगाँठ : पाइपलाइन हुँदाहुँदै ट्यांकरबाट पनि पेट्रोल आयात, मासिक पाँच करोड व्ययभार' शीर्षकमा समाचार प्रकाशित गरेका थियो। सो समाचार सार्वजनिक भएको केही दिनमै अख्तियारमा उजुरी दर्ता भएपछि छानबिन प्रक्रिया अघि बढाइएको स्रोतले जानकारी दिएको छ।

अख्तियारका एक अधिकारीले 'निगमभित्र बदमासी भएको विषय सञ्चारमाध्यममार्फत सार्वजनिक भएपछि ध्यानाकर्षण भएको' बताए। 'सम्बन्धित विषयमा उजुरीसमेत प्राप्त भएको छ। त्यसपछि अनुसन्धान अघि बढाउने प्रक्रिया सुरु गरिएको छ। छिट्टै अनुसन्धान

» पृष्ठ २ मा क्रमशः



पाइपलाइनबाट सम्पूर्ण पेट्रोलियम आयात गर्न सकिने भए पनि अमलेखगन्ज डिपोमार्फत निगमले भारतबाट दैनिक २० देखि २२ ट्यांकरमा पेट्रोल ढुवानी गरिरहेको छ। त्यसका लागि १०४ ट्यांकर पालैपालो प्रयोग गरिएका छन्। तर, ट्यांकर व्यवसायीलाई पोस्न पाइपलाइनको पूर्ण क्षमता प्रयोग गरिएको छैन। हाल कायम बरौनी-अमलेखगन्ज रुटको भाडादर प्रतिट्यांकर ७८ हजार २९७ छ। निगमले मासिक पाँच करोड रुपैयाँभन्दा बढी ढुवानी भाडा तिर्छ। यही रकममा निगमका कर्मचारीले कमिसन खाने गरेको स्रोतको दाबी छ।

पार्टीभित्र विरोध हुँदाहुँदै ओलीले बनाए 'भोलेन्टियर्स फोर्स', द्वन्द्व निम्तिने पदाधिकारीकै चिन्ता

■ घोषणासभामा ओलीले भने-

"यदि कसैले शान्ति भंग गर्न खोज्छ भने हामीले रोक्नुपर्छ। कसैले आगजनी, तोडफोड र राक्षसी शैली देखाएर अराजकता मच्चाउने र कानुन हातमा लिने काम गर्छ भने फोर्सले रोक्छ।

शुरोजंग पाण्डे / नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि गठित अन्तरिम सरकारको संवैधानिक हैसियतमा प्रश्न उठाउँदै २१ फागुनको निर्वाचनमा जान अस्वीकार गरेको एमालेले तनाव बढाउने र निर्वाचनको वातावरण बिगार्ने अर्को कदम चालेको छ। संसद् पुनर्स्थापनाको माग गर्दै परिस्थिति भड्काउने अभिव्यक्ति र गतिविधि गर्दै आएका अध्यक्ष केपी ओलीको पहलमा एमालेले 'नेसनल युथ भोलेन्टियर्स फोर्स' घोषणा गरेको छ।

कानुनी व्यवस्थालाई नै चुनौती दिने गरी तथा निर्वाचनकेन्द्रित तनाव बढाउने गरी ६ हजार ७४३ वटै वडामा टोल सुरक्षा समूहका नाममा फोर्स पुऱ्याउने एमाले केन्द्रीय कमिटी र सचिवालयबाट निर्णय भएको छ। जेन-जी आन्दोलनपछि शान्ति-सुरक्षा कमजोर बनेर समाज भयभीत र असुरक्षित

» पृष्ठ २ मा क्रमशः



भोलेन्टियर्स फोर्सको संयोजक घोषणा गरेपछि पुष्पराज श्रेष्ठलाई बधाई दिँदै अध्यक्ष ओली। तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

■ एमालेले 'शान्ति-सुरक्षा कायम गर्ने' जिम्मा दिएका भोलेन्टियर्स फोर्सका संयोजक श्रेष्ठले खेपेका थिए सात गम्भीर अपराधका मुद्दा

नयाँ पत्रिका

'शान्ति-सुरक्षा कायम गर्ने' दाबीसहित एमालेले गठन गरेको नेसनल भोलेन्टियर्स फोर्सका संयोजक बनेका पुष्पराज श्रेष्ठ आफैं शृंखलाबद्ध अपराधमा संलग्न व्यक्ति भएको खुलेको छ। प्रहरीले उनीविरुद्ध कम्तीमा सातवटा मुद्दा दायर गरिसकेको छ।

सिन्धुलीको कमलामाई- ५ घर भएका श्रेष्ठ एमाले नेता महेश बस्नेतनिकट छन्। गुन्डागर्दी पृष्ठभूमिका उनलाई संयोजक घोषणा गर्दै एमाले अध्यक्ष केपी ओलीले भनेका छन्, 'भोलेन्टियर्स फोर्स लुटपाटविरुद्ध हो, शान्तिको लागि हो।' ओलीले मुठभेड र तनाव सिर्जना हुने अभिव्यक्ति दिँदै आएका छन्।

प्रहरीको रेकर्डमा श्रेष्ठविरुद्ध ०६३ देखि ०७५ सम्म काठमाडौं र सिन्धुलीमा अपहरणदेखि ज्यान मार्ने उद्योगसम्मका सात मुद्दा दायर भइसकेका छन्। जसमा चारवटा ज्यान मार्ने उद्योग, एउटा अपहरण र दुईवटा सार्वजनिक अपराधको मुद्दा दायर भएका थिए।

०६३ मा उनीविरुद्ध ज्यान मार्ने उद्योग मुद्दा दायर भएको थियो। गगन सिंहको हत्या प्रयासको आरोपमा उनीमाथि मुद्दा दायर भएको थियो। ०७५ मा निर्माण व्यवसायी रामबहादुर कटवाललाई धम्क्याएको आरोपमा काठमाडौं उपत्यका अपराध अनुसन्धान महाशाखाले पक्राउ गरेको थियो। ०६४, ०६५, ०६७, ०७०, ०७३ मा उनी पक्राउ परेको प्रहरी रेकर्डमा छ।

०६४ मा सिन्धुलीको कमलामाईका विजय

» पृष्ठ २ मा क्रमशः

निर्वाचन प्रयोजनका लागि ४० दलको निवेदन



२१ फागुनमा हुने निर्वाचनका लागि ४० वटा दलले निवेदन दिएका छन्। दल दर्ताको समय १० मंसिरसम्म छ। बिहीबारसम्म ३३ निवेदन परेकोमा शुक्रबार सातवटा थपिएको आयोगका प्रवक्ता नारायण भट्टराईले बताए। यसैगरी ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचन प्रयोजनका लागि दल दर्ताका लागि आठवटा पार्टीको निवेदन परेको छ। राष्ट्रिय सभा चुनावको दल दर्ताको समय ७ मंसिरसम्म छ।

» पृष्ठ २ मा क्रमशः

टऱ्यो पासपोर्टको अभाव, ७ लाख पासपोर्ट छाप्न सम्झौता

तीन सातामा २ लाख ३३ हजार कपी पुग्ने

नयाँ पत्रिका

पासपोर्ट विभागले सात लाख थान पासपोर्ट खरिदका लागि फ्रान्सेली कम्पनी आइएन स्मार्ट आइडेन्टिटी फ्रान्स एसएएससँग सम्झौता गरेको छ। यसअघिको कम्पनी आइडिमिया आइडेन्टिटी एन्ड सेक्युरिटी फ्रान्स एसएसको नाम बदलेको आइएन स्मार्टलाई थप पासपोर्ट छाप्न सरकारले दिएको छ। राहदानी विभाग र आइएन स्मार्टबिच सम्झौता भइसकेको छ। अब पासपोर्टको अभाव हटेको छ।

विभागका अनुसार तीन साताभित्र पासपोर्टको पहिलो किस्ता (दुई लाख ३३ हजार तीन सय थान) पासपोर्ट आइपुग्नेछ। हाल विभागसँग करिब डेढ लाख पासपोर्ट छ। आइडिमियाले नै हाल पासपोर्ट छपाइ गर्दै आएको छ। आगामी फागुनदेखि जर्मन कम्पनीले पासपोर्ट छपाइ र आपूर्ति गर्ने ठेक्का पाएको छ। तीन महिनाका लागि पासपोर्ट अपुग भएपछि हाल छपाइ र आपूर्ति गरिरहेको कम्पनीलाई भेरिएसन अर्डरबाट सात लाख थान पासपोर्ट छपाइ गर्न सम्झौता भएको हो।

विभागले दैनिक एक हजारजनालाई मात्रै पासपोर्टका लागि अनलाइन स्लट खोलेकोमा यो क्रमशः बढाउने जनाएको छ। विभागले सुरुमा दुई लाख पासपोर्ट छपाइका लागि प्रयास गरेको थियो। तर, अभाव हुने भएपछि सात लाख थान पासपोर्ट छपाइ हुन लागेको हो। आइडिमियाले नयाँ सम्झौताअनुसार पासपोर्ट छपाइका लागि प्रतिगोटा १५.६१ डलर प्रस्ताव गरेको थियो। तर, विभाग र कम्पनीबिच भएका चरणबद्ध छलफलपछि फ्रान्सेली कम्पनी हाल छपाइ गरिरहेकै मूल्यमा छाप्न सहमत भएको हो। हाल उसले ३४ पृष्ठको पासपोर्ट प्रतिगोटा १०.१३ डलरमा छापिरहेको छ।

अन्तर्राष्ट्रिय बोलपत्रअनुसार ठेक्का पाएको जर्मन कम्पनी भेरिडोसले राहदानी विभागसँगको सम्झौताअनुसार फागुनदेखि नयाँ पासपोर्ट छपाइ गर्दै छ। तर, राहदानी विभागसँग हाल मौज्दात रहेको दुई लाख पासपोर्टले पुससम्म मात्रै माग धान्ने भएकाले सरकारले अभाव हटाउन भेरिएसन अर्डर गरेको हो।

सुरुमा आइडिमियाले महँगो दर प्रस्ताव गरेपछि सरकारले जर्मन कम्पनीलाई यसबिचमा अन्तरिम प्रबन्ध गर्न सक्ने विषयमा सोधेको थियो। तर, प्रविधिका हिसाबले पनि हाल छपाइ गरिरहेकै कम्पनीलाई छाप्न दिँदा सहज हुने सरकारको आकलन छ। हाल मासिक करिब एक लाख पासपोर्टको माग छ।

आगामी पाँच वर्ष ६४ लाख थान पासपोर्ट छपाइका लागि जर्मन कम्पनी म्युहलबाउर तथा भेरिडोसले राहदानी विभागसँग सम्झौता गरिसकेका छन्। उनीहरूले अन्तर्राष्ट्रिय बोलपत्रका आधारमा ठेक्का पाएका थिए। म्युहलबाउरले पासपोर्ट इन्रोलमेन्टको ठेक्का पाएको छ भने भेरिडोसले छपाइको जिम्मा पाएको छ। दुई नयाँ कम्पनीले आगामी फागुनदेखि पाँच वर्षका लागि प्रतिपासपोर्ट ८ डलर ६५ सेन्टमा ३४ वा ६४ पृष्ठका पासपोर्ट छपाइ तथा आपूर्ति गर्ने गरी सम्झौता भइसकेको छ।

१४ वर्षसम्म पनि निर्माण नभएको कमला पुल निरीक्षणको प्रतिस्पर्धा

तीन तत्कालीन प्रधानमन्त्रीसहित आठ मन्त्री पुगे कमला पुल, कुलमान पनि निरीक्षणमा



कसले कहिले गरे कमला पुलको निरीक्षण ?

५ मंसिर ०८२ : कुलमान घिसिङ, भौतिक पूर्वाधारमन्त्री
५ मंसिर ०८२ : बब्लु गुप्ता, खेलकुदमन्त्री
९ जेठ ०८२ : रमेश लेखक, पूर्वगृहमन्त्री
२६ चैत ०८१ : केपी ओली, पूर्वप्रधानमन्त्री (हेलिकोप्टरबाट)
१७ फागुन ०८१ : पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री
१२ फागुन ०८० : पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री (हेलिकोप्टरबाट)
१ साउन ०८० : प्रकाश ज्वाला, पूर्वभौतिक पूर्वाधारमन्त्री
९ चैत ०८० : रघुवीर महासेठ, पूर्वभौतिक पूर्वाधारमन्त्री
१५ फागुन ०७९ : नारायणकाजी श्रेष्ठ, पूर्वभौतिक पूर्वाधारमन्त्री
४ असार ०७८ : उमाशंकर अरगरिया, पूर्वपर्यटनमन्त्री
११ फागुन, ०७६ : उमाशंकर अरगरिया, पूर्वसांसद जसपा
२ साउन ०७६ : शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री
१९ माघ ०७५ : केपी ओली, पूर्वप्रधानमन्त्री

लहानमा **मणिलाल विश्वकर्मा**

हुलाकी सडकअन्तर्गत सिराहा र धनुषा जोड्ने कमला नदीमा पक्की पुल निर्माण थालेको १४ वर्षसम्म बितिसक्दा पनि ८३ प्रतिशत मात्र काम भएको छ। तर, कमला पुल निरीक्षणको प्रतिस्पर्धा भने चलेको छ। तत्कालीन तीन प्रधानमन्त्रीले पाँचपटक र सात मन्त्रीहरूले आठपटक गरी १३ पटक पुल अनुगमन गरिसकेका छन्। शुक्रबार मात्र भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङ र खेलकुदमन्त्री बब्लु गुप्ता पुल निरीक्षणमा पुगे। तर, पुल हेर्न पुगेका हरेक प्रधानमन्त्री, मन्त्रीले 'छिट्टै पुल निर्माण हुने' आश्वासन दिए पनि पूरा हुन सकेको छैन।

शुक्रबार मन्त्री घिसिङ आउने सूचना पाएपछि कमला पुल निर्माणस्थल पुगेका सिराहा नगरपालिका- ६ बसबिट्टा गाउँका ७० वर्षीय गंगा साहले नयाँ पत्रिकासँग भने, 'प्रधानमन्त्री, मन्त्रीहरू आएर फोटो खिचाएर गए, तर पुल बनेन। सास्ती भोगिरहेका छौँ।'

पुलको निरीक्षणपछि घिसिङले पनि कैयौँपल्ट मन्त्रीहरू आएर फर्किएको भन्ने सुनेको र त्यसमा आफू पनि थपिएको बताए।

निर्वाचन गराउने जिम्मेवारीमा रहेको अहिलेको सरकार तीन-चार महिना मात्र रहने भएकाले त्यस अवधिमा पुल बन्न नसक्ने भए पनि पुलको विषयमा गम्भीर रूपले छलफल गरी प्राविधिक, व्यवस्थापकीय र ठेकेदार कसको कारणले समस्या भएको भन्ने खोजी गरिने उनले औँल्याए। यसअघि गत जेठमा मात्र तत्कालीन गृहमन्त्री रमेश लेखकले पनि अलपत्र कमला पुल निरीक्षण गरेका थिए।

डिजाइन गलत भए नयाँ पुल बन्छ : घिसिङ

स्थलगत अनुगमनपछि भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले डिजाइन गलत भएको पाइएमा नयाँ पुल निर्माण हुने बताए। 'पुलको डिजाइनको विषयमा अन्य निकायबाट अध्ययन भइरहेको छ, ठिक छ भन्ने प्रमाणित भए यही पुल छिट्टै बन्छ र गलत भए अर्को डिजाइन बनाएर टेन्डरमार्फत नयाँ पुल बन्छ,' उनले भने। नयाँ पुलका लागि बजेटको समस्या नहुने दाबी गर्दै उनले सरकार, सम्बन्धित निकाय, कर्मचारी जिम्मेवार हुनुपर्ने बताए। 'सरकार कमला पुल कुनै पनि हालतमा बन्नुपर्छ भन्नेमा छ,' घिसिङले भने।

हुलाकी सडक संघर्ष समितिका संयोजक रामरिझन यादवले मन्त्री घिसिङलाई स्मरणपत्र बुझाउँदै कमलामा जनस्तरबाट नयाँ पुल निर्माणका लागि सरकारले अनुमति दिनुपर्ने माग गरे। 'करिब तीन वर्षभित्र जनस्तरबाट अहिलेको भन्दा दोब्बर लामो नया पुल निर्माण गर्नेछौँ, त्यसका लागि सरकारले अनुमति देओस्,' स्मरणपत्र बुझाउँदै उनले भने, 'किनकि प्राविधिक रूपले पुल काम लाग्दैन र दोब्बर लामो पुल नबनाए पानीको बहावलाई थेग्न सक्दैन।'

तराई/मधेशको लाइफ लाइनका रूपमा रहेको हुलाकी राजमार्गमा पर्ने कमला पुल निर्माणका लागि २४ जेठ ०६८ मा २४ करोड ९१ लाख (भ्याटसहित)मा पप्पु-लुम्बिनी जेभीसँग ठेक्का सम्झौता भएको थियो। सुरुको सम्झौताबमोजिम पुल निर्माण ०७१ मंसिरमा सम्पन्न हुनुपर्ने थियो। तोकिएको समयमा पुल निर्माण हुन नसकेपछि आठौँपटक थपिएको ठेक्का सम्झौताको म्याद गत असारमा सकिएको थियो। निर्माण व्यवसायीबाट आगामी असारसम्मका लागि म्याद थपका लागि प्रस्ताव पेस भएको छ। तर, सरकारले कुनै निर्णय गरेको छैन। हालसम्म २० करोड ४३ लाख (भ्याट) सहित भुक्तानी भइसकेको छ। पुल निर्माणको भौतिक प्रगति ८३ र वित्तीय प्रगति ८२ प्रतिशत छ। १२ वटा स्पान भएको पुलको लम्बाइ ४६९ मिटर छ। निर्माण व्यवसायीले नै पुलको डिजाइन गरी निर्माण गर्ने मोडलमा ठेक्का सम्झौता भएको थियो। पुल निर्माणसँगै नदीको दुवै किनारतर्फ १३ सय मिटर नदी नियन्त्रण र दुई सय मिटर पहुँच सडक निर्माण गर्नुपर्नेछ।

१७ असार ०७८ मा कमला नदीमा आएको बाढीले पुलको दुईवटा जग भासिएर चारवटा स्ल्याबमा क्षति पुगेको थियो। क्षति पुगेका स्ल्याबमध्ये दुईवटा हटाइएको छ भने दुईवटा हटाउन बाँकी रहेका छन्।

कांग्रेस, एमाले...

पृष्ठ १ बाट क्रमशः

गठबन्धनले युवराज खत्रीलाई अध्यक्षमा अघि सारेको थियो। स्वतन्त्र उम्मेदवार बनेका भुसाल कांग्रेसका पूर्वनगरसभापति हुन्। बुधबार कांग्रेस जिल्ला सभापति केशव श्रेष्ठ र सचिव अच्युत गौतमले विज्ञप्ति जारी गरेर भुसाललाई पार्टीले कारबाही गरेको र खत्री नेतृत्वको टिमलाई जिताउन आफ्ना मतदातालाई ह्विप जारी गरेका थिए। तर, जेन-जी आन्दोलनपछि आफूले पार्टीबाट राजीनामा दिइसकेको अवस्थामा चुनाव प्रभावित पार्ने गरी जिल्ला समितिले कारबाही गरिएको भनेर विज्ञप्ति निकालेको भुसालले बताए।

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि राजनीतिक दल छाडेका तथा दलमा आबद्ध नभएकाहरूले स्वतन्त्र नागरिक अभियान स्थापना गरेका छन्। यही अभियानबाट भुसाल खानेपानीको अध्यक्षमा चुनाव लडेका थिए। उनलाई रास्वपा र राप्रपाको सद्भाव थियो। 'हामीलाई नागरिकको समर्थन र सहयोग रह्यो। रास्वपा र राप्रपाले पनि सद्भाव राख्यो, उहाँहरूले दलीय रूपमा नभई हामीलाई स्वतन्त्र नागरिकका रूपमा सघाउनुभयो। संघसंस्थाको पनि साथ रह्यो,' भुसालले भने।

नवनिर्वाचित अध्यक्ष भुसालले सामाजिक संस्थामा दलीय सिन्डिकेट तोड्न सफल भएको र पारदर्शी ढंगले चलाउने प्रतिक्रिया दिए। 'लामो समयदेखि को दलीय सिन्डिकेट तोड्न सफल भएका छौँ। नगरवासीले अपार माया र जिम्मेवारी दिनुभएको छ। म त्यो जिम्मेवारी पूरा गर्नेछु,' उनले भने, 'हाम्रा सबै काम पारदर्शी हुनेछन्। सबै बैठकको प्रत्यक्ष प्रसारण हुनेछ। आय-व्यय उपभोक्तामाझ सार्वजनिक गर्नेछौँ।'

राजनीतिक दलले ह्विप नै जारी गरे पनि मतदाता स्वतन्त्र नागरिकलाई चुनाव जिताएको स्वतन्त्र नागरिक अभियानका संयोजक ज्ञानेन्द्र घिमिरेले बताए। 'नगरवासीले आफ्नो विवेक प्रयोग गरेर हाम्रो उम्मेदवारलाई निर्वाचित गरेकोमा खुसी छौँ,' घिमिरेले भने, 'पहिलो चरणमा जेन-जी आन्दोलनका सहिद माधव सारुमगरको घर (भूमिकास्थान- ४ धारापानी) पुगेर उनको परिवारलाई भेट्नेछौँ। त्यसपछि सबै मतदाताको घरघरमा पुगेर धन्यवाद दिनेछौँ। अनि मात्र हाम्रो टोली नगरको काममा लाग्नेछ।'

जिल्लामा सक्रिय पुराना राजनीतिक दल र राज्यशक्तिसँग नजिक केहीले निर्वाचन आफ्नो पक्षमा पार्न कोसिस गरे पनि असफल भएको अभियानले बताएको छ। 'प्रारम्भिक रूपमा घोषणा गरिएका केही उम्मेदवारलाई विभिन्न प्रकारका भावनात्मक दबाब र ब्ल्याकमेलिङमार्फत उम्मेदवारी नदिन बाध्य पारिएको तथ्य पनि लुकेको छैन। एमालेका जिल्ला अध्यक्षले मुख्यमन्त्रीको निर्देशनमा खुलेआम धम्कीपूर्ण भाषण गर्दै (१००) सय मत कटाएर देखाउने चुनौती दिएको घटनाले निर्वाचन वातावरण कत्तिको प्रभावित बनाइएको थियो भन्ने स्पष्ट हुन्छ,' अभियानले विज्ञप्तिमा भनेको छ, 'यति सबै बाधा-अड्चनबिच पनि उपभोक्ता-मतदाताहरूले पार्टी, समूह वा विचारभन्दा माथि उठेर आफ्नो विवेक र अधिकार प्रयोग गर्दै स्वतन्त्र रूपमा मतदान गर्नुभएको तथ्य स्वयं परिणामले प्रमाणित गर्छ।'

अभियानले राजनीति होइन, सेवा, सुशासन र उपभोक्ताको हकहितका लागि पहल अघि बढाएको र यही मूल्यमा अडिग रहने बताएको छ। २५ वर्षअघि स्थापना भएको सन्धिखर्क साना सहरी खानेपानी तथा सरसफाइ नगर आयोजनाबाट दुई हजार घरपरिवारमा खानेपानी वितरण भइरहेको छ। यस उपभोक्ता मूल संस्थामा सन्धिखर्क नगरपालिका- १ र २ वडा पर्छन्। सदरमुकामको सन्धिखर्क, चुत्राबेँसीलगायतका ठाउँमा खानेपानी वितरण हुँदै आएको छ।

आफ्नो तीनवर्षे कार्यकालमा चारदेखि पाँच हजार घरपरिवारमा स्वच्छ खानेपानी पुऱ्याउने लक्ष्य रहेको नवनिर्वाचित अध्यक्ष भुसालले बताए। 'खानेपानी आयोजना सञ्चालनमा आएको २५ वर्ष भए पनि अझै सन्धिखर्कका कैयौँ उपभोक्ताको घरमा पानी पुगेको छैन। ५-६ दिनसम्म धारामा पानी नआउने समस्या पनि छ,' उनले भने, 'हामी स्वच्छ पानी घरघर पुऱ्याउने लक्ष्यका साथ आएका हौँ।'

काठमाडौं विश्वविद्यालयका मानविकी संकायका डिन तथा राजनीतिक समाजशास्त्री डा. उद्धव प्याकुरेलका अनुसार आमनागरिकले परिवर्तन खोजिरहेका छन्। तर, विविध बाध्यता र संरचनागत कारणले दलीयकरण समाप्त नहुने उनको बुझाइ छ। 'स्थिर राजनीति र संविधान संस्थागत भए नागरिक स्वतन्त्र बन्छन्। व्यवस्था शुद्ध नहुँदासम्म नन-पार्टी समाजतर्फ सहजै जान सकिँदैन। यो समाजको मानसिकता र बाध्यता दुवै हो,' उनले भने। उनका अनुसार नागरिकले अपडेट भएर चल्ने, परिवर्तित समयमा आफूलाई अनुकूल तुल्याउने शक्ति खोजिरहेका छन्। 'जसरी समाज परिवर्तनशील छ, त्यसैगरी राजनीतिक दल पनि निरन्तर परिवर्तन हुँदै जनतासँग सहकार्य गर्न, उनीहरूको आवाज सुन्न र स्विकार्न सक्षम हुनुपर्छ,' उनी भन्छन्, 'त्यो हुन नसक्दा परिवर्तनको एजेन्डा बोकेर आएका नयाँ शक्तितर्फ नागरिक आकर्षित हुन्छन्।'

यस्तो छ मतपरिणाम

नौ सदस्यीय कार्यसमिति र तीन सदस्यीय लेखा समिति गरी १२ पदका लागि भएको चुनावमा स्वतन्त्रबाट अध्यक्षसहित तीनजना निर्वाचित भएका हुन्। अध्यक्षमा बाबुराम भुसाल ५६३ मतसहित विजयी हुँदा उनका प्रतिस्पर्धी चार दलका उम्मेदवार युवराज खत्रीले ४४३ मत मात्र पाए। त्यस्तै, वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्षमा पनि स्वतन्त्र उम्मेदवार विजयी भए। वेदराज घिमिरे ५१८ मतसहित वरिष्ठ उपाध्यक्षमा विजयी हुँदा उनका प्रतिस्पर्धी गठबन्धनका बाबुराम भुसाल ४२९ मतसहित पराजित भए। उपाध्यक्षमा भने गठबन्धनका भेषबहादुर क्षेत्री ४७१ मतसहित विजयी भए। उनका प्रतिस्पर्धी दिलबहादुर वलीले ४४६ मत पाए। सचिवमा गठबन्धनका जीवलाल पौडेल 'गोपाल' ४७४ मतसहित निर्वाचित हुँदा प्रतिस्पर्धी कृष्णबहादुर शाहीले ४४१ मत पाए। कोषाध्यक्षमा भने स्वतन्त्रबाट सरिता महत क्षेत्री ४७७ मतससहित विजयी भइन्। प्रतिस्पर्धी सुमित्रा मुखियाले ४४९ मत मात्र पाइन्।

सहसचिवमा गठबन्धनकी कल्पना पोखेल ४६१ मतसहित विजयी हुँदा स्वतन्त्रबाट उम्मेदवार बनेकी शकुन्तला भुसाल ४३९ मत मात्र पाएर पराजित भइन्। तीन सदस्यमा भने गठबन्धनका नवीन सुनार, कमला अर्याल र मतिलाल खनाल विजयी भए। स्वतन्त्रबाट उम्मेदवारी दिएका भीमबहादुर खत्री, टामलाल सार्की र चुमकला गिरी पराजित भएका छन्। लेखा समितिमा गठबन्धनले जितेको छ। सुनिता बेल्वासे संयोजकमा निर्वाचित हुँदा सदस्यमा कमल ढकाल र ज्ञानबहादुर विक विजयी भएका छन्।

पार्टीभित्र...

पृष्ठ १ बाट क्रमशः

बनेको दाबी गर्दै एमालेले फोर्स गठन गरेको बताएको छ।

केन्द्र, प्रदेश, जिल्ला, पालिका र वडा हुँदै टोल तहसम्म टोल सुरक्षा समूहका नाममा फोर्स बनाउने योजनाका साथ एमालेले शुक्रबार कार्की बैंक्वेट, बबरमहलमा फोर्स घोषणा गरेको हो। घोषणाअघि माइतीघरदेखि नयाँ बानेश्वरसम्म रातो क्याप लगाएका युवाले मार्च पास गरेका थिए। अध्यक्ष ओलीको उपस्थितिमा जनसंगठन समन्वय संयोजक भानुभक्त ढकालले अलग्गै जनसंगठनका रूपमा फोर्स घोषणा गरेका थिए।

कार्यक्रममा अध्यक्ष ओलीसहित पोलिटब्युरो सदस्य महेश बस्नेत र सहभागी नेताहरूले पूर्ववत् रूपमा शान्ति-सुव्यवस्था कायम राख्ने काममा प्रहरीको मनोबल उकास्न र समाजमा सुरक्षा अनुभूति दिलाउने काममा टोलसम्म सक्रिय बन्न फोर्सलाई ढाडस दिए। ओलीले फोर्स कसैका विरुद्ध नभएर हिंसा र अराजकताविरुद्ध स्वयंसेवी संगठन बनाइएको दाबी गरेका छन्। 'यदि कसैले शान्ति भंग गर्न खोज्छ भने हामीले रोक्नुपर्छ। कसैले आगजनी, तोडफोड र राक्षसी शैली देखाएर अराजकता मच्चाउने र कानुन हातमा लिने काम गर्छ भने फोर्सले रोक्छ,' ओलीले भने।

बस्नेतले एमाले नेताहरूलाई २३ र २४ भदौको घटनाका लागि छानबिन गर्न बनेको आयोगले बयानका लागि बोलाए एक लाख युवा सिंहदरबारभित्र छिरेर सभा गर्ने चेतावनी दिए। शुक्रबार घोषणा गरिएको फोर्सको केन्द्रीय कमान्ड ११ सदस्यीय छ। जसको संयोजकमा पुष्पराज श्रेष्ठ र सहसंयोजकहरूमा अमित पौडेल र विनिता काफ्ले छन्। तर, श्रेष्ठ विगतमा विभिन्न फौजदारी मुद्दाको अभियुक्त रहेको विवरण सार्वजनिक भएसँगै कतिपयले सामाजिक सञ्जालबाट उनको आलोचना पनि गरिरहेका छन्।

तर, उनले भने विगतमा माओवादीसम्बद्ध वाइसिएलमा रहेर पार्टीको निर्देशनमा काम गर्दा भएका झडपहरूमा मुछिएकाले फौजदारी मुद्दा लागेको कुरा सत्य भएको स्वीकार गरेका छन्। माओवादी हुँदा बखतका ती सबै मुद्दाले पक्षमा फैसला गरेर अदालतले आफूलाई सफाइ दिइसकेको समेत उनले दाबी गरे। '०६२/६३ पछि म माओवादी पृष्ठभूमिमा वाइसिएलमा लामो समय रहेर मोर्चा सम्हाल्दा तत्कालीन युथ फोर्ससँग धेरै झडपहरू भए। त्यसक्रममा मेराविरुद्ध केही फौजदारी मुद्दाहरू दर्ता भएकै हो। तर, त्यसरी राजनीतिक रूपमा भएका द्विपक्षीय झडपहरूका सन्दर्भमा दर्ता भएका सबै मुद्दामा अदालतबाट मेरो पक्षमा फैसला भएर सफाइ नै पाइसकेको छु,' उनको दाबी छ।

शनिबार काठमाडौंमा एमालेले भृकुटीमण्डपमा आयोजना गरेको बृहत् सभा र प्रदर्शनमा फोर्सलाई स्वयंसेवक दस्ताका रूपमा सडकमा उतार्दै छ। फोर्सलाई अध्यक्ष ओलीसहित नेताहरू, पार्टी कार्यालयको सुरक्षा, पार्टी कार्यक्रममा कतैबाट अवरोधको प्रयास भए प्रतिरोध गर्नेसम्मको जिम्मेवारी तोकिएको छ। फोर्सका संयोजक श्रेष्ठले आफूहरूले कानुन हातमा नलिने, तर साथमा लिएर एमालेविरुद्ध हुने अवरोध र हमलाको भने प्रतिरोध गर्ने घोषणा गरे। 'हाम्रो घर जसरी लोकेसन ट्र्याक गरेर हेरिएको छ, हामीले पनि तपाईंहरूको हेरेका छौँ, तपाईंहरूको घरघर छिर्नेछौँ,' उनले भने, 'पार्टीको आशाअनुसार जहाँ भन्यो त्यहीँ भिड्न तयार छौँ। तर, कानुनलाई हातमा लिएर होइन, साथमा लिएर अगाडि बढ्छौँ।'

फोर्स गठनमाथि पदाधिकारी तहमै असहमति

फोर्स गठनबारे एमालेका पदाधिकारीहरू नै असन्तुष्ट देखिएका छन्। पार्टी महाधिवेशन घोषणापछि विधानले नचिन्ने गरी फोर्स बनाउन खोजिएको भन्दै बिहीबारको सचिवालय बैठकमा उपाध्यक्षहरू विष्णु पौडेल र युवराज ज्ञवालीसहित केही पदाधिकारीले असन्तुष्टि जनाएका थिए। उपाध्यक्ष पौडेलले पार्टी विधानले राष्ट्रिय विपत् र अन्य वेला केवल स्वयंसेवी संगठन मात्र बनाउने अनुमति दिएको भन्दै लडाकु चरित्रको संगठन निर्माणले पार्टीलाई बदनाम बनाउन सक्ने बताए। अर्का उपाध्यक्ष ज्ञवालीले फोर्सका कारण समाजमा द्वन्द्व निम्तिए पार्टी बदनाम हुने भन्दै विरोध गरेका थिए। पूर्वराष्ट्रपति विद्या भण्डारी समूहका नेताहरू फोर्स गठनको विरोधमा छन्।

प्रशासनसँग...

पृष्ठ १ बाट क्रमशः

मागहरू सम्बोधन हुने भएपछि अहिलेका लागि आन्दोलन रोकिएको छ,' उनले भने। तर, स्थानीय प्रशासनले जनाएका प्रतिबद्धता सोमबारसम्म पूरा नभए आन्दोलनका कार्यक्रम घोषणा गरिने उनले बताए।

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जेन-जी पक्षले उठाएका प्रमुख माग र क्षेत्रको संवेदनशील अवस्थालाई ध्यानमा राख्दै तीन बुँदामा सहमति बनेको बताए। जेन-जी युवाहरूको सुरक्षा सुनिश्चित गर्ने, घाइतेको उपचारका लागि प्रशासन र स्वास्थ्य संस्थाबिच तत्काल समन्वय गर्ने र हालका घटनासम्बन्धी निष्पक्ष छानबिन तथा दोषीमाथि कारबाही प्रक्रिया छिटो अघि बढाउने विषयमा सहमति बनेको उनको भनाइ छ।

गत बुधबार सिमरामा प्रदर्शनमा उत्रिएका जेन-जीमाथि एमालेका कार्यकर्ताले आक्रमण गरेपछि तनाव सिर्जना भएको थियो भने स्थानीय प्रशासनले कर्फ्युसमेत लगाउनुपरेको थियो। जेन-जीले कर्फ्युकै अवस्थामा सिमरा विमानस्थल गेट भत्काउनुका साथै प्रदर्शनलाई चर्को बनाएका थिए। उनीहरूले बिहीबार पनि सिमरामा प्रदर्शन गर्दा स्थानीय प्रशासनले दिनभर कर्फ्यु लगाएको थियो। जितपुर-सिमरा उपमहानगरपालिका- २ का वडाध्यक्ष धनबहादुर श्रेष्ठ र वडा नम्बर ६ का अध्यक्ष कैमद्दिन अन्सारी तथा एमाले कार्यकर्ता अरविन्द साह पक्राउ परेपछि जेन-जी वार्तामा जान तयार भएका थिए। सोहीअनुसार शुक्रबार प्रदर्शन रोकेर वार्ता भएको थियो। यद्यपि, किटानी जाहेरी परेकामध्ये पाँचजना अझै फरार छन्।

वार्तामा सहभागी जेन-जी अगुवा सुदन गुरुङले हालको तनाव गृह मन्त्रालयको कमजोर भूमिकाकै परिणाम भएको आरोप लगाए। उनले जेन-जी देशका लागि अग्रसर भएर काम गर्ने समूह भए पनि उनीहरूप्रति सुरक्षा संरचना संवेदनशील नबन्दा समस्या चर्किएको बताए।

अख्तियारले थाल्यो...

पृष्ठ १ बाट क्रमशः

अधिकृत तोकेर काम अघि बढाइनेछ,' ती अधिकारीले नयाँ पत्रिकासँग भने।

अख्तियारले पाइपलाइन बिछ्याएर खर्च घटाउने, चुहावट नियन्त्रण गर्ने र सीमासम्बन्धी झन्झट हटाउने उद्देश्य राखिए पनि उल्टै ट्यांकरमार्फत तेल ओसारेर आर्थिक भार बढाइएको निष्कर्षसहित छानबिन अघि बढाएको स्रोतले जनाएको छ। बरौनी-अमलेखगन्ज ढुवानीका कागजात मागेर अनुसन्धान प्रक्रिया अघि बढाइने अख्तियारले जनाएको छ। अमलेखगन्ज डिपोमार्फत आयल निगमले भारतको बरौनी रिफाइनरीबाट दैनिक २०-२२ ट्यांकरमा पेट्रोल ढुवानी गर्दै आएको छ। यसका लागि १०४ ट्यांकर पालैपालो प्रयोग हुन्छन्। तर, ट्यांकर व्यवसायीलाई फाइदा पुग्ने गरी पाइपलाइनको पूर्ण क्षमता प्रयोग नगरेको आरोप छ।

निगमका अनुसार पाइपलाइनले देशभरको पेट्रोलियम खपतको ७० प्रतिशतसम्म पूर्ति गर्न सक्ने क्षमता राख्छ। पाइपलाइनबाट नियमित आयात हुने पेट्रोल, डिजेल र मट्टीतेलले अमलेखगन्ज, काठमाडौं, पोखरा, विराटनगर र भैरहवाको माग धान्न सक्छ। तर, अमलेखगन्ज डिपो क्षेत्रमा रहेको पेट्रोलपम्पका लागि पेट्रोल भने ट्यांकरमार्फत ढुवानी गर्दै, अनावश्यक आर्थिक भार बढाइरहेको छ।

इन्डियन आयल कर्पोरेसन (आइओसी)को बरौनी रिफाइनरीबाट दैनिक करिब पाँच सय किलोलिटर पेट्रोल ट्यांकरबाट ल्याइन्छ। प्रतिट्रिप ७८ हजार ३५६ रुपैयाँ ४० पैसा भुक्तानी हुने दरअनुसार १०४ ट्यांकरले महिनामा औसत ६-६ पटक ढुवानी गर्छन्। यस आधारमा महिनामा ६२४ ट्रिप हुने र निगमले मासिक चार करोड ८८ लाख ९४ हजार रुपैयाँभन्दा बढी भुक्तानी गर्नुपर्ने स्रोतले बतायो। मूल्य समायोजनसँगै भाडादर बदलिन पुग्ने भएकाले औसत खर्च पाँच करोड रुपैयाँभन्दा माथि पुग्ने निगम स्रोतको भनाइ छ। पाइपलाइन सञ्चालनमा आएपछि पनि नियमित रूपमा ट्यांकरबाट पेट्रोल आयात गर्दै आएको छ। निगमले स्थानीय आपूर्ति व्यवस्थित नहुने बहानामा ट्यांकरको उपयोग गरिरहेको भए पनि यसमा कमिसनको खेल रहेको आरोप छ। गत वर्ष असोजदेखि हालसम्म निगमले कम्तीमा ६० करोड रुपैयाँ अतिरिक्त भार व्यहोरेको छ।

तेल चोरीमा संलग्न पेट्रोलपम्प र ढुवानीकर्तालाई सोधियो स्पष्टीकरण

१६ कात्तिकमा मकवानपुरको मनहरी गाउँपालिका- ८ स्थित जय शिव शरणम् फ्युल सेन्टरमा ट्यांकरबाट ४२ लिटर पेट्रोल चोरी भइरहेको अवस्थामा पक्राउ परेको घटनामा निगमले पम्प र ट्यांकर धनीलाई स्पष्टीकरण सोधेको छ। मकवानपुर प्रहरीले पम्पका तीन कर्मचारी र ट्यांकरचालकलाई नियन्त्रणमा लिएर सात दिनको म्यादमा अनुसन्धान अघि बढाइरहेको छ। अमलेखगन्ज डिपोबाट काठमाडौंका लागि गइरहेको ना.४ख ९३७७ नम्बरको ट्यांकरबाट चोरी भइरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको थियो। आयल निगमले पेट्रोलियम पदार्थ ढुवानी विनियमावलीअनुसार ट्यांकरधनी र पेट्रोलियम पदार्थ विक्रेता विनियमावलीअनुसार पम्प सञ्चालकलाई कारबाहीको प्रक्रिया अघि बढाएको प्रवक्ता मनोज ठाकुरले बताए। चोरीमा संलग्न ट्यांकरलाई पनि इन्धन ढुवानी बन्द गरिएको प्रवक्ता ठाकुरले बताए। निगमले यस्ता घटनामा चालकलाई आजीवन इन्धन ढुवानमा प्रतिबन्ध लगाउने र ट्यांकरधनी तथा पेट्रोलपम्पलाई तीनदेखि ६ महिनासम्म कारोबार रोक्का गर्ने निर्णय गर्दै आएको छ।

निर्वाचन...

पृष्ठ १ बाट क्रमशः

कुलमानको उज्यालो नेपाली पार्टीले पायो प्रमाणपत्र, १७ मंसिरमा घोषणासभा

ऊर्जामन्त्री कुलमान घिसिङको पहलमा गठन भएको उज्यालो नेपाल पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ। ५१ सदस्यीय केन्द्रीय समिति र बलेको चिम चुनाव चिह्न भएको दललाई आयोगले शुक्रबार दर्ता गरेर प्रमाणपत्र दिएको हो।

२७ साउनमा दल दर्ताका लागि निवेदन परेकोमा मन्त्री घिसिङले पूर्वऊर्जासचिव अनुपकुमार उपाध्यायको संयोजकत्वमा पार्टी पुनर्गठन गरी २५ कात्तिकमा अद्यावधिक कागजात पेस गरेका थिए। पार्टीका केन्द्रीय सदस्य इन्जिनियर डा. शंकर ढकालले दल दर्तासँगै पार्टीको बृहत् घोषणा सभाको तयारी भइरहेको बताए। उनका अनुसार १७ मंसिरमा प्रज्ञा प्रतिष्ठानमा घोषणा सभा हुनेछ। ढकालले निर्वाचन प्रयोजनका लागि तोकिएको समयभित्रै दल दर्ता गर्ने पनि बताए।

पार्टीको घोषणापत्र पनि अन्तिम चरणमा रहेको भन्दै ढकालले समृद्धि र सुशासनको उज्यालो कार्यक्रम ल्याइने बताए। उनले पार्टीले एकीकृत वैकल्पिक शक्ति बनाउन थुप्रै पक्षसँग बृहत् संवाद गरिरहेको पनि बताए। 'आज हाम्रो देशलाई सुशासन र समृद्धिको उज्यालोले ढकमक्क ढाक्ने महान् उद्देश्यका लागि नेतृत्व गर्न सक्ने यो विशिष्ट शक्तिको जन्म भएको छ। साँच्चै भविष्यले लेख्ने त्यो विकासको गीत हामी कोर्दै छौँ,' ढकालले भने। ढकालले उज्यालो नेपाल पार्टी मध्यमार्गी सोचको पार्टी भएको र गन्तव्य उन्नत समाजवाद भएको बताए।

यस्तै, शुक्रबारै योगेन्द्र मण्डलको राष्ट्रिय ऊर्जाशील पार्टी र प्रशान्त सिंहको पिपुल फर्स्ट पार्टी पनि दर्ता भएका छन्। यससँग दर्ता दलको संख्या १२९ पुगेको छ। जेन-जी आन्दोलनपछि दर्ता दलको संख्या मात्रै १२ पुगेको छ। यसअघि हर्कराज राई (साम्पाङ)को श्रम संस्कृति पार्टी, नेपाल जनमुक्ति पार्टीबाट फुटेको राष्ट्रिय जनमुक्ति पार्टी, दिनेशराज प्रसाईंको गतिशील लोकतान्त्रिक पार्टी, कबिर सोवको नागरिक उन्मुक्ति पार्टी नेपाल, प्रचण्ड र माधव नेपालको नेपाली कम्युनिस्ट पार्टी, राजेश प्रतेलको राष्ट्रिय परिवर्तन पार्टी, रियाज अहमद शेषको राष्ट्रिय जनमत पार्टी, नेत्रविक्रम चन्द (विप्लव)को कम्युनिस्ट पार्टी नेपाल, अकबर खानको राष्ट्र निर्माण दल नेपाल दर्ता भएका छन्।

आयोगका अनुसार अझै नयाँ गठन भएका २८ दल दर्ताको प्रक्रियामा छन्। नयाँ दल दर्ताका लागि शुक्रबार पनि निवेदन प्राप्त भएको छ। प्रकाश खड्काको नेतृत्वमा नेपाल जनसेवा पार्टी दर्ताका लागि निवेदन प्राप्त भएको सहसचिव यज्ञ भट्टराईले बताए। उनका अनुसार चुनाव चिह्न परिवर्तनका लागि उचालेको खुट्टामा जेन-जीको जुत्ता रहेको छ।

एमालेले...

पृष्ठ १ बाट क्रमशः

मुनालको हत्या प्रयासको मुद्दा पनि श्रेष्ठमाथि चलेको थियो। ०६५ मा कोटेश्वरमा अनिवास रिजालको हत्या प्रयासको घटनामा ज्यान मार्ने उद्योग मुद्दा दायर भएको थियो। ०६७ मा सिन्धुलीकै राजन घिसिङमाथि कुटपिटमा पनि मुद्दा दायर भएको प्रहरीले जनाएको छ। ०७० मा सिन्धुलीका जीवन श्रेष्ठको हत्या प्रयासको मुद्दा चलेको थियो। त्यस्तै, ०७३ मा एक निर्माण व्यवसायीलाई युवती प्रयोग गरी अपहरण गराएर पैसा असुली गरेको घटनामा पनि काठमाडौंको महाराजगन्जमा श्रेष्ठविरुद्ध मुद्दा चलेको प्रहरी रेकर्डमा छ।

श्रेष्ठले भने विगतमा आफूविरुद्ध दायर भएका सबै मुद्दामा सफाइ पाइसकेको दाबी गरे। '०६२/६३ पछि म माओवादी पृष्ठभूमिमा वाइसिएलमा लामो सयम रहेर मोर्चा सम्हाल्दा तत्कालीन युथ फोर्ससँग धेरै झडपहरू भए। त्यसक्रममा मेराविरुद्ध केही फौजदारी मुद्दाहरू दर्ता भएकै हो। तर, त्यसरी राजनीतिक रूपमा भएका द्विपक्षीय झडपहरूका सन्दर्भमा दर्ता भएका सबै मुद्दाहरूमा मैले अदालतबाट सफाइ नै पाइसकेको छु,' उनले भने।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ६ मंसिर ०८२
nayapatrikaofficial @nayapatrika

‘डिजिटल युग आए पनि लेखकको भूमिका फेरिएको छैन’

डिजिटल युग केवल प्राविधिक अवस्था हो, लेखक एउटा पुरानो अस्तित्व हो

*साहित्यकार उदय प्रकाश कवि, कथाकार, पत्रकार एवं फिल्म निर्मातासमेत हुन् । जनपक्षीय दृष्टि, सामाजिक सरोकार र प्रखर आलोचनात्मक चेतका लागि उनी चिनिन्छन् । समतामूलक समाजका पक्षधर उनले आफ्ना सिर्जनामार्फत सत्ता-शक्तिहीनको आवाज मुखर गर्दै आइरहेका छन् । सन् १९५२ मा भारतको मध्यप्रदेशस्थित सीतापुरमा जन्मिएका उनका ‘पिली छतरी वाली लडकी’, ‘मोहनदास’, ‘तिरिछ’, ‘अबुतर-कबुतर’लगायत दर्जनभन्दा बढी कथा, कवितासंग्रह प्रकाशित छन् । नेपालीमा भने ‘मोहनदास’, ‘नेलकटर’ र ‘पहेंला छाता’ अनूदित छन् । ‘साहित्य अकादमी पुरस्कार’, ‘भारतभूषण अग्रवाल पुरस्कार’, ‘अन्तर्राष्ट्रिय पुस्किन सम्मान’, ‘सार्क राइटर्स अवार्ड’लगायत राष्ट्रिय-अन्तर्राष्ट्रिय पुरस्कार र सम्मान पाइसकेका छन् । १४ कात्तिकमा गाजियावाद (एनसिआर)स्थित उनको निवासमा पुगेर **मीनराज बसन्तले** गरेको कुराकानीको सम्पादित अंशः*



वार्ता

● उदय प्रकाश, साहित्यकार

तपाईका अधिकांश रचनामा वञ्चनामा पारिएका पात्र मुखर भएर आउँछन् । त्यस्ता पात्र कसरी ल्याउनुहुन्छ ?

हाम्रो जीवन, हाम्रो अनुभव नै आफ्ना सिर्जनामा अभिव्यक्त हुने हो । मेरो जीवन कुनै ठुला अभिनेता वा राजनीतिज्ञको होइन । आमरूपमा दुनियाँभरका हरेक लेखकको सामाजिक परिवेश यस्तै हुने हो । दुनियाँका कुनै पनि रचना सामाजिक परिवेशभन्दा बाहिरको हुँदैन । यो एउटा परम्पराजस्तै हो । समाजको सबैभन्दा वञ्चित मानिससँग लेखक जोडिनैपर्छ । गान्धी त्यसलाई अन्तिम मानिस भन्थे, हामी त्यसलाई वञ्चित मानिस भन्छौं । वञ्चित अर्थात् सत्ताहीन, पावरलेस । वञ्चित मानिससम्म न्याय डेलिभर हुँदैन । तपाईंले ‘मोहनदास’ पढ्नुभएको छ भने थाहा पाउनुहुन्छ कि न्याय भनेको कमोडिटी (वस्तु) हो । पैसा छ भने तपाईंको पक्षमा फैसला हुन्छ, छैन भने अन्याय हुँदाहुँदै पनि तपाईंलाई उल्टै अन्यायी घोषित गरिन्छ । यी धारणामाथि प्रश्न गर्नु नै लेखकको धर्म हो ।

तपाई आफ्नो लेखनमा जातीय र वर्गीय मुद्दालाई प्रमुखताका साथ उठाउनुहुन्छ । आजका पाठकले यस्ता विषय के साँच्चै गम्भीरताका साथ पढिरहेका होलान् ?

यी विषयलाई पाठकले नपढेको भए किन यति चर्चा हुन्थ्यो ? कोही त्यत्तिकै लोकप्रिय भयो भन्ने लाग्दैन । त्यसको अर्थ पाठकले यस्ता मुद्दा बुझेका छन्, रुचाएका पनि छन् । तर, म यस्ता विषयलाई खासै महत्त्व दिन्नँ । तपाईंले जुन वर्ग र जातिबारे प्रश्न सोध्नुभयो म त्यसभन्दा पनि पर गएर हेर्छु । यी चिज साँच्चै हुन् के ? मेरो मान्यता छ- यी सबै कृत्रिम हुन् । त्यसो भए जाति कसले बनायो ? ठाकुर, यादव र पण्डितको कुवा हुन्छ । तर, यी कुवा कसले बनायो ? दलितले किन पानी पिउन पाउँदैन ? यी जो संहिता बने, ती कसले बनाए ? तपाईं जब यस्ता संहिता (नियम) सँग जोरी खोज्न थाल्नुहुन्छ, तब वर्गको अवधारणा राख्नेहरूले भन्नेछन् कि यसले गडबड गर्न थाल्यो । हामी आर्थिक रूपमा एकै वर्गका हौं । यही वर्गभित्र उनीहरूले लडाइँ गराइरहेका छन् । मलाई लाग्छ, आज हामी जुन समयमा छौं, १८९० पछि यसलाई सुरुमा पोस्ट मोडर्न टाइम्स भनियो । त्यो पोस्ट मोडर्न टाइम होइन । त्यसमा त ठुलो सभ्यताले छलाङ मार्‍यो र पुँजीको भूमिका परिवर्तन भयो । त्यसपछि नयाँ पुँजी आयो, जसलाई हामी ग्लोबल कर्पोरेट क्यापिटल भन्छौं । प्रविधि पनि यस्तो आयो कि यसमा तपाईं पनि अनभिज्ञ हुनुहुन्छ अहिलेसम्म । अचानक यसको भाषा बदलियो । प्रविधिले अल्टर गरिदियो र सभ्यता परिवर्तन भयो । वर्गीय ढाँचा परिवर्तन भयो । जाति, यो पेसागत थियो । जस्तै- फलामको काम लोहारले गर्थ्यो, जुत्ताको काम मोचीले गर्थ्यो, युद्धको काम क्षेत्रीयले गर्थ्यो र बुद्धिको काम ब्राह्मणले गर्थ्यो । तर, अहिले पेसा बदलियो । हिजोआज ब्राह्मणले पनि जुत्ता बेचिरहेको हुन्छ । यसरी पेसा परिवर्तन भइरहेको छ, परिवर्तन गरिँदै छ । अब जातिका आधारमा पेसा रहेन । यसलाई अहिले राजनीतिले ‘होल्ड’ गरेको छ ।

जाति र वर्गलाई राजनीतिले ‘होल्ड’ गर्‍यो भन्नुभयो । त्यसोभए अहिले समाजमा असमानता बढ्दै छ कि घट्दै छ ?

विषमता पक्कै बढेको छ, यसमा दुईमत छैन । धेरै अघिदेखि नै एक प्रतिशत भर्सेज ९९ प्रतिशतको लडाइँ चलिरहेको छ । अर्थात्, एक प्रतिशत मानिसले पृथ्वीका सम्पदामाथि आधिपत्य जमाए । त्यसको पनि ‘मल्टिप्लेकेसन’ भयो । जसका कारण जी-२०, सार्क आदि छन् । हामी जनताले एउटा पोलिटिकल पार्टीलाई चुनेर सरकारमा पठायौं । तर, स्रोतमाथि कब्जा जमाउने ‘मेटा गभर्मेन्ट’ले हामीले चुनेर पठाएको सरकारसँग सीधा डिल गर्छ । सरकारले ‘मेटा गभर्मेन्ट’को सेवा गर्छ । उनीहरूसँग टक्कर लिन सक्दैन । टक्कर लिने कोसिस गरेमा मलाई लाग्छ, त्यसको नतिजा भयावह हुन्छ । यस्तो अवस्था नेपालमा पनि छ, भारतमा पनि । मध्य एसिया र सेन्ट्रल युरोपमा पनि छ । यसरी विश्व फेरि एकपटक ‘बाइपोलर’ बनेको छ । पहिले जहाँ रुस थियो, अहिले त्यहाँ चीन छ ।

चीनले जहाजमार्फत विश्वमा महत्त्वपूर्ण काम गर्‍यो । पहिलोपटक उसले कामकाजी युवालाई ‘ह्युमन रिसोर्सेज’ (मानव संसाधन) मान्दै त्यसको भरपूर उपयोग गर्‍यो । यो मानव-पुँजीले उत्पादनको मूल्य घटाइदियो । अरू देशमा महँगो पर्ने वस्तु उसले सस्तोमा दिन थाल्यो । यो एउटा ठुलो परिवर्तन थियो । भारतमा दुर्भाग्य, यस्तो हुन सकेन । तपाईंले सोधेझैं जातिका, वर्गका प्रश्न सोध्न थालियो, जो पैदा गरिएका प्रश्न थिए । मिथ्या चेतना पैदा गरियो । नयाँ-नयाँ मिथक बनाइयो । यसको परिणाम, धरतीसँग, वास्तविक जीवनसँग सम्बन्ध टुट्यो ।

चीनले परिवर्तन ल्यायो भन्नुभयो । तर, यस्तो किसिमको विकासले पर्यावरण ध्वस्त भयो पनि भनिन्छ नि !

हो, मानिसका आवश्यकता जसोतसो पूरा त भए । तर, धर्ती बाँझो रह्यो । सम्पदा मासियो । पर्यावरण नाश भयो । नदीनाला मासिए । जथाभावी उत्खनन गरियो । सास फेर्न मुस्किल भयो । तपाईं कसैलाई खाना दिन सक्नुहुन्छ । तर, हावा (अक्सिजन) दिन सक्नुहुन्न । हो, परिवर्तन गर्दै गर्दा यस्ता कुरामा ध्यान दिइएन ।

नेपाल–भारतमा मात्रै होइन, विश्वभर नै प्राकृतिक स्रोतको उत्खनन त भइरहेकै हुन्छ नि, होइन र ?

विश्वमा उत्खनन त हुन्छ । उदाहरणका लागि नदीलाई नौं लिऔं न । प्रत्येक नदीका दुई धार हुन्छन् । माथिको धारलाई इनर करेन्ट भनिन्छ । त्यसमुनि नदी बग्छ । मुनि बग्नेवाला धार जबसम्म रहन्छ, तबसम्म माथिल्लो धार सुक्दैन । तर, सय-सय फिट गहिरो खनेर बालुवा निकालेपछि नदी सुक्यो । यसरी कैयौं नदीको हत्या गरियो, सोच्नुस् त एकपटक । यो भयावह आँकडा हो । हामी वाटर एजमा पनि छौं । जसरी मानव सभ्यता या इतिहासको अवस्था हुन्छ, पानीको पनि हुन्छ । ‘हिस्ट्री अफ वाटर’को दोस्रो चरणमा छौं र यो हालत देख्नुपरेको छ । यी र यस्ता चिजमा ध्यान दिन जरुरी छ । यदि हामीले पानी बचाउने हो भने अरू थुप्रै चिज बनाउन जरुरी छ । जजसले ‘हामी बाघ बचाउँछौं’ भन्छन्, तिनीहरू साँच्चै झुट बोलिरहेका छन् । किनकि, उनीहरू बाघ बचाउँदै गर्दा घाँसबारे मौन छन् । यदि घाँस नै

> म वर्ग र जातिभन्दा पर गएर हेर्छु । यी चिज साँच्चै हुन् के ? मेरो मान्यता छ- यी सबै कृत्रिम हुन् । त्यसो भए जाति कसले बनायो ? ठाकुर, यादव र पण्डितको कुवा हुन्छ । तर, यी कुवा कसले बनायो ? दलितले किन त्यहाँ पानी पिउन पाउँदैन ? यी जो नियम बने, ती कसले बनाए ?
>
> ०००
>
> मानिसका आवश्यकता जसोतसो पूरा त भए । तर, धर्ती बाँझो रह्यो । सम्पदा मासियो । पर्यावरण नाश भयो । नदीनाला मासिए । जथाभावी उत्खनन गरियो । सास फेर्न मुस्किल भयो । तपाईं कसैलाई खाना दिन सक्नुहुन्छ । तर, हावा (अक्सिजन) दिन सक्नुहुन्न ।

बचेन भनेर जीवजन्तु कसरी रहन्छन् ? जीव-जनावर नरहे बाघ के खाएर बाँच्छ ? यही कुरालाई राजनीतिले झन्झोर गरिरहेको छ । राजनीति अहिले पावर सेन्ट्रिक छ । पावर पुँजीसँग छ । उदाहरणका लागि कुनै आदिवासी वा दलितसँग आज पुँजी छ भने उससँग पावर पनि छ । अनि, जातीयताले त्यहाँ काम गर्दैन । यसरी परिवर्तन आइरहेको छ । तर, समय पछाडि बढ्छ या पछाडि फर्किन्छ भन्न सकिन्न । समय पछाडि पनि फर्किन सक्छ । मलाई लाग्छ, रिभर्स पनि भइरहेको छ ।

लेखक राजनीतिक रूपमा सक्रिय हुनु कति आवश्यक छ ?

यो त सम्बन्धित व्यक्तिको इच्छामा निर्भर हुन्छ । केही मानिस भन्छन्- राजनीतिमा अराजनीतिक हुनु पनि एउटा राजनीति नै हो । आधुनिकतासँगै यो ‘पोलिटिक्स’ यो ‘टर्म’ जन्मियो । यसको जो ‘इक्स’ छ, त्यो इथिक्सको ‘इक्स’ होइन । यस्तो अवस्थामा तपाईं कुन पोलिटिक्समा जानुहुन्छ ? भन्नुस् ।

प्रगतिशीलताबारे नेपालमा बहस भइरहन्छ । यसलाई कसरी हेर्नुहुन्छ ?

प्रेमचन्दले भनेका थिए, ‘लेखक स्वभावैले प्रगतिशील हुन्छ ।’ प्रगतिशीलको अर्थ प्रगतिशील लेखक संगठन होइन । जो-जो भविष्यतर्फ बढ्दै मानव सभ्यता वा पृथ्वीलाई हेर्छ, बुझ्छ त्यो नै प्रगतिशील हो । यो होइन कि ऊ कुनै संगठनको सदस्य हो । महात्मा गान्धी कहिल्यै कंग्रेसका सदस्य थिएनन् । तर, गान्धी नभएको भए कंग्रेस पनि हुँदैनथ्यो । गान्धीकै कारण कंग्रेस बँचिरह्यो ।

तपाईको लेखनको उद्देश्य अभिव्यक्ति, प्रतिरोध र संवादमध्ये कुन हो ?

अभिव्यक्ति । अभिव्यक्तिले नै संवाद र प्रतिरोध गर्न सक्छ । कुनै वेला समर्थन र प्रतिरोधका लागि संवादहीनता पनि हुन सक्छ ।

लेखनमा सधैं समाज, समाज भनेर रटान लगाइन्छ । त्यो समाज कहाँ छ ? कस्तो छ ?

लेखक रोला बार्थका अनुसार कुनै चिज यस्ता पनि छन्, जसलाई कसैले चिन्दैन, कहिल्यै देखेको पनि हुँदैन । तीन चिज म पनि भन्छु, जसलाई मानिसले कहिल्यै देखेन । पहिलो हो, ईश्वर । राम, कृष्ण, अल्लाह, जिजस जे भने पनि के कसैले आजसम्म यिनलाई देख्यो ? दोस्रो, जनता र तेस्रो, समाज । कति समाज छन्, कति मानिस छन्, कति ईश्वर छन्/छैनन्, कसैले देख्यो त ? कसैले ‘तपाईंको सामाजिक भूमिका के ?’ भनेर सोध्छन् । अरे, भाइ, यहाँ थुप्रै समाज छन्, तिमी कुनचाहिँ समाजको कुरा गर्दै छौ ? क्रिकेट खेलाडीको आफ्नै समाज छ । क्रिकेट लभर्सको आफ्नै छ । रेसलर्सको आफ्नै समाज छ ।

हरेक जातिको भिन्दाभिन्दै समाज छ । जो समाजभन्दा बाहिर छ, जो निर्वासित छ, उसको पनि समाज छ । तिमी कुन समाजको कुरा गर्दै छौ । समाज त बन्छ, बिग्रिन्छ, फेरि बन्छ । फेरि नष्ट हुन्छ र बनिरहन्छ ।

तपाईं संगीतमा पनि निकै रुचि राख्नुहुन्छ । साहित्य र संगीतको सम्बन्धबारे केही बताइदिनुस् न ।

साइन्सको अन्तिम लक्ष्य म्याथमेटिक्स भनेझैं साहित्यको अन्तिम लक्ष्य हो, संगीत । गणित त अमूर्त हुन्छ । तर, साहित्यमा संगीत हुन्छ । संगीतमा सुर हुन्छन् । त्यहाँ कुनै ठाकुर, दलित, ब्राह्मण भन्ने हुँदैन । ती सुर मिस गर्नुभयो भने सप्तक (संगीत) बन्दैन । तर, त्यहाँ तपाईं झगडा गर्न सक्नुहुन्न । एउटा औंला मात्रै चलाउनुभएन भने पनि संगीत समाप्त हुन्छ । हो, साहित्यको काम पनि ठिक यस्तै हुन्छ ।

> लेखक स्वभावैले प्रगतिशील हुन्छ । प्रगतिशीलको अर्थ प्रगतिशील लेखक संगठन होइन । जो-जो भविष्यतर्फ बढ्दै मानव सभ्यता वा पृथ्वीलाई हेर्छ, बुझ्छ त्यो नै प्रगतिशील हो ।

लेखन साधना हो कि संघर्ष ?

कुनै दर्जीसँग सोधौं- सिलाइ साधना हो कि संघर्ष ? चराचुरुंगीलाई सोधौं- तिम्रो बोली साधना कि संघर्ष ? मानौं, ब्रह्माले सृष्टि गर्‍यो- यो साधना थियो कि संघर्ष ? कुमालेले घडा बनाउँछ- साधना कि संघर्ष ? साधना र संघर्ष त फगत सोधिने प्रश्न मात्रै हुन् । यसको ठोस उत्तर हुन सक्दैन । लेखन एक किसिमले खाना बनाउनुजस्तै हो । यसले तपाईंको सहभागिता र प्रक्रिया खोज्छ । तपाईं एउटा भाषाभित्र विभिन्न विषयवस्तु एकत्रित गरेर एक-एक वाक्य बनाउनुहुन्छ । तिनै वाक्य मिलेर रचना बन्छ । अब यो साधना कि संघर्ष ? यो त कला हो, सिर्जनशीलता हो, सिर्जनात्मकता हो ।

डिजिटल युग सुरु भएपछि कतिपयले पुस्तकको युग सकियो, अब कसैले पुस्तक पढ्दैन । पुस्तक नपढेपछि लेखकको पनि काम सकियो भन्दै छन् नि !

डिजिटल युग केवल प्राविधिक अवस्था हो । मलाई लाग्छ, लेखक एउटा पुरानो अस्तित्व हो । उदाहरणका लागि, २०औं शताब्दीको तेस्रो दशकमा टिभी र रेडियो दुवै आइसकेका थिए । तर, टिभी मास प्रोडक्सनमा थिएन । न थियो, पहुँचयोग्य । त्यसलाई रोकिएको पनि थियो, जसका पछाडि अनेक कारण थिए । मानिसहरू रेडियो आयो भने गडबड हुन्छ भन्न थाले । यसले मानिसलाई एक-अर्कासँग बोलचाल बन्द गराइदिन्छ भने । नभन्दै मानिस आपसमा कुराकानी गर्नुको साटो रेडियो सुन्न थाले । तर, जब टेलिभिजन आयो, मानिस फेरि भन्न थाले, अब यसले अन्धो बनाउने भयो । किनकि, तिनै मान्छे एक-अर्कालाई नहेरेर टिभी हेर्न थाले । प्रविधि आउँदा त्यसका केही सामाजिक विसंगति पनि सँगसँगै आउँछन् । तर, लेखक त त्यतिवेला पनि थियो, जतिवेला ऊ रेडियो पनि सुन्थ्यो, टिभी पनि हेर्थ्यो, राजनीति पनि गर्थ्यो, मानिससँग कुराकानी गर्थ्यो, दौडिन्थ्यो, खेल्थ्यो । त्यसैले फेरि भन्छु, लेखक हुनु पुरानो अस्तित्व हो । तपाईंले भनेझैं डिजिटल एज नयाँ अवस्था हो । तर, लेखकको भूमिका उही हो, जुन पहिले थियो । त्यसमा कुनै परिवर्तन आएको छैन । हुन सक्छ, अब तपाईं ‘स्पिच टु टेक्स’ गर्नुहुन्छ । कलमबाट किबोर्डमा सिफ्ट हुन सक्नुहुन्छ । यस्ता साना कुरामा परिवर्तन आउन सक्छ । तर, लेखकको भूमिका उस्तै र उही हुन्छ ।

एआईजस्ता प्रविधिले कत्तिको हस्तक्षेप गर्लान् ?

एउटा लेखकका नातामा मैले एआईलाई बुझ्ने कोसिस गर्दै कि आगामी दिनमा के हुन्छ ? यसको प्रयोग अलग-अलग भइरहेको पाउँछु । चीनकै सांघाई प्रान्तमा एआईको प्रयोग जे प्रयोजनका लागि भइरहेको छ, त्यहाँ अन्य प्रान्तका बिल्कुल भिन्न प्रयोजनका लागि प्रयोग भइरहेको छ । त्यसैगरी, जापानमा, क्यालिफोर्नियामा, भारतमा, नेपालमा पनि फरक-फरक तरिकाले एआई प्रयोग भइरहेको छ । सांघाई औद्योगिक सहर हो । त्यहाँ कति कामदार छन्, तीमध्ये कतिले कति काम गरे/गरेनन्, कसले कसलाई भड्काइरहेको छ भन्ने निगरानी गर्न एआई प्रयोग गरिएको छ । एआईका माध्यमबाट उनीहरू माइन्ड रिडिङ गर्छन् । त्यसपछि मार्क गर्छन्, चेतावनी दिन्छन् कि यो त गलत हो । त्यसपछि जागिरबाट निकालिदिन्छन् । यसको असर म्यानेजमेन्टमा पर्छ । त्यही एआई जापानमा फरक उद्देश्यका लागि प्रयोग हुन्छ । एआईबाट ठुला मानवीय कर्म पनि नभएका होइनन् । यसकै प्रयोगमार्फत कतिले एक्लोपन महसुस गर्न पाएका छैनन् । यी सबका बाबजुद निसाना लगाउने काम पनि सँगसँगै भएका छन् । २०औं शताब्दीको सुरुवात वा त्यसभन्दा अगाडिका १४औं, १५औं शताब्दीलाई हेर्नुस् । जब-जब विषमता बढ्यो, तब-तब त्यसको प्रतिरोध भएको छ । त्यही प्रतिरोधले चिजहरू परिवर्तन भएका छन् । लोकतन्त्रको जन्मकै कुरा गर्ने हो भने फ्रान्सको राज्यक्रान्तिसँग जोड्न सकिन्छ । १९१७ को अक्टोबर क्रान्तिसँग जोड्न सकिन्छ । भारतको क्रान्तिलाई पनि जोड्न सकिन्छ ।

जोगाउनुपर्छ अमूर्त सम्पदा



हामी भौतिक सुविधा खोजिरहेका छौं । यो मानवीय स्वभाव पनि हुन सक्ला । सुविधा खोज्ने क्रममा हामीले हाम्रो पहिचान गुमाउँदै त छैनौं ? यो अहिलेको जटिल प्रश्न हो । पुरानोलाई हटाएर नयाँ बनाउने भन्ने सोचाइ छ, जुन गलत हो ।

नेपाल प्राकृतिक विविधताले सम्पन्न देश हो । हिमाल, पहाड र तराईका आफ्नै खालका प्राकृति सम्पदा छन् । प्राकृतिक सम्पदासँगै सांस्कृतिक सम्पदा अनगिन्ती छन् । मानव संस्कृतिमा मूर्त-अमूर्त सम्पदाहरू एक-अर्कामा पूरक छन् । काठमाडौं उपत्यका मूर्त-अमूर्त सम्पदाले भरिपूर्ण छ । संस्कृति र सम्पदाले बेग्लै खालको महत्त्व बोकेका छन् । 'कल्चर' सधैं 'डाइनामिक' हुन्छ । यो हाम्रो मौलिकता हो, पहिचान हो । त्यसभित्र लुकेका मूर्त र अर्मूत सम्पदा धेरै छन् । कल्चर मान्छेले बनाएको हो । विदेशी नेपालको संस्कृति हेर्न आउँछन् ।

सांस्कृतिक सम्पदा आफैंमा गम्भीर र संवेदनशील विषय हो । कुनै पनि संस्कृति सम्पदा समुदायसँग सम्बन्धित हुन्छ । यो समुदाय निश्चित भूगोल, भाषा, जाति, धर्म, संस्कृति वा अन्य कुनै निश्चित आधारमा निर्माण भएको हुन्छ । त्यसकारण संस्कृति, सम्पदालाई समुदायबन्दा अलग्गै राख्न सकिँदैन । संस्कृति, सांस्कृतिक सम्पदा र समुदायलाई बेग्लाबेग्लै रूपमा बुझ्न मिल्दैन । हाम्रो भाषामा पनि विविधता छ । भाषा हाम्रो सभ्यताको चिनो पनि हो । भाषा दुई-चार वर्षमा बन्ने कुरा होइन । यो बन्नलाई सयौं वर्ष लाग्छ । भाषासँगै हाम्रा संस्कृति निर्माण हुँदै आए । यसरी नै हाम्रो जीवनशैली बनेको छ ।

काठमाडौं उपत्यकाका सम्पदा केबल सम्पदा मात्र नभई सभ्यताको चिनारी र परिचयको आधार पनि हो । हामीकहाँ लिच्छविकालदेखि नै प्रामाणिक रूपमा सांस्कृतिक सभ्यताको रहेको पाइन्छ । भाषा तथा लिपिको प्रयोग, धार्मिक र सांस्कृतिक पक्षहरूको जानकारी दिने धातु र काष्ठकलाका उत्कृष्ट प्रमाणका कारण लिच्छविकाललाई स्वर्ण युगको उपमाको रूपमा चिनिन्छ । नेपालमा प्राचीन मानव सभ्यता र संस्कृतिको परिचय दिने हाम्रा अनेकौं कला, कौशल, वास्तुकला र सम्पदा छन् ।

सम्पदा



● आलोकसिद्धि तुलाधर
सम्पदा अभियन्ता

■ उपत्यकाका रैथाने जात्रा

तुलानात्मक रूपमा काठमाडौं, भक्तपुर र ललितपुर उपत्यकामा संस्कृतिक विविधता छ । उपत्यकाभित्र मौलिक परम्परागत, संस्कृति-संस्कार र जीवनशैली धेरै छन् । हरेक महिना जात्रा चाडपर्व मनाउने चलन छ । यहाँ सिजनअनुसारका चाडपर्व माइन्छ । शुक्ल पूर्णिमाको भोलिपल्ट नेवार समुदायले स्थानीय बोलीचालीमा 'सायाः' भनिने गाईजात्रा पर्व मनाउने चलन छ । यो पर्वसँग कान्तिपुरका राजा प्रताप मल्ललाई जोडिन्छ । राजकुमारको मृत्यु भएपछि रानीले विलाप गरेपछि अरूका पनि छोराछोरी मरेका छन् भनेर बुझाउन मृतकको नाममा गाईको भेष धारण गरी दरबार परिक्रमा गर्नुपर्ने उर्दी जारी भएको र त्यसपछि गाईजात्राको चलन बसेको किंवदन्ती उल्लेख छ । यो एउटा प्रतिनिधि जात्रा मात्रै भयो । यस्ता थुप्रै जात्रा पर्व छन् ।

उपत्यकाको भित्री सहरको नेवार बस्तीको बाटोमा राक्षसको जस्तो आकृति बनाइने चलन छ । जुन तान्त्रिक विधिबाट पूजापाठ गरेर खोलामा फ्याँकिन्छ । यसलाई पनि जात्राका रूपमा लिन सकिन्छ । बाहिरबाट हेर्दा रमाइलोजस्तो लाग्न सक्ला छ । यो जात्रा रोगब्याधी हटाउन मनाउने चलन छ । हाम्रो यस्ता खालको अर्मूत सांस्कृतिक सम्पदा पनि छन् । यस्ता खालका सम्पदा लुकेर बसेका छन् । यसका लागि निश्चित ठाउँ निर्माण गरिएको हुन्छ ।

उपत्यकामा हरेक घरको आँगनमा मण्डला बनाउने चलन छ । त्यसलाई धातु वा दुङ्गाबाट बनाइएको हुन्छ । नेवार समुदायमा बिहान मन्दिर पूजा गरेर फर्किंदा मण्डलालाई पनि पूजा गरेर भित्र छिर्ने चलन छ । यसले त्यो दिनचाहिँ राम्रो होस् भन्ने जनविश्वास छ । यो पनि एउटा अर्मूत सम्पदा हो ।

उपत्यकामा चाडपर्वअनुसार खाने कुराको परिकार खाइने चलन छ । काठमाडौं उपत्यकमा लोकप्रिय खाना हो, योमरी । योमरी जाडो मौसममा खाइने खाना हो । यसले शरीरको तापक्रम बढाउँछ भन्ने मान्यता छ । त्यसैले जाडो मौसममा यो खाना खाने चलन छ ।

यहाँ मौसमअनुसार फल्ने अन्नबाट बनाइने खानाका परिकार धेरै छन् । साउने संक्रान्तिमा पश्चिमतिर लुतो फाल्ने चलन छ । त्यहाँ लुतो फाल्ने आफ्नै परम्परा होला । तर, उपत्यकामा जनैपूर्णिमा क्वाँटी खाने चलन छ । क्वाँटीले इम्युनिटी बढाउँछ । रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउँछ । यो अमूर्त सम्पदा नै हो ।

टोखाको चाकु बनाउने तरिका, खोकनाको तेल पेल्ने प्रविधि, भक्तपुरका माटाका भाँडा, पाटनको मूर्ति कुँदाइ हाम्रा सांस्कृतिक सम्पदा हुन् । टोलटोलका गुठी र भजनमण्डली, मठमन्दिर र स्थानीय जीवनशैलीको अझ सशक्त प्रवर्द्धन गर्न सकिन्छ । अमूर्त सम्पदासँगै मूर्त सम्पदा पनि गाँसिएको हुन्छ । फरक-फरक जात्रा-पर्व मनाउने छुट्टाछुट्टै ठाउँ राखिएको हुन्छ । मन्दिर वा कुनै ठाउँमा राखिएको हुन्छ । मूर्त सम्पदाले अमूर्त सम्पदालाई जीवित राखेको हुन्छ । अमूर्त सम्पदाले मूर्त सम्पदालाई सयौं वर्षसम्म जीवित राख्छ । जसले हाम्रो समाजको संस्कृति बचेको हुन्छ । यसमा हाम्रो भाषा हुन्छ, भाषाले हाम्रो पहिचान दिएको हुन्छ ।

पुर्खाले बनाएको मूर्त-अर्मूत सम्पदालाई आर्थिक दृष्टिकोण र आधुनिकतासँग जोडेर हेरियो । जसले गर्दा सम्पदालाई विस्तार गर्न बिसँदै जान थालियो । आजभन्दा ५०-६० वर्षअघिसम्म सांस्कृतिक सम्पदालाई जगेर्ना गर्नुपर्छ भन्ने बुझाइ थिएन । तसर्थ, हामीले कतिपय सांस्कृतिक सम्पदा जोगाउन सकेनौं । परम्परागत सीप र प्रविधि उपलब्ध भएकै अवस्थामा आधुनिकतातिर मोह जाग्दै गयो । हाम्रा मादल, धिमे, ढोलक, खैंजडी, बाँसुरी आदिको जस्तै धुन अन्य वाद्ययन्त्रबाट निकाल्न सकिएला । तर, पनि अरू बाजाबाट मौलिक बाजाको प्रतिनिधित्व हुन सक्दैन ।

पछिल्लो दशकयता सांस्कृतिक सम्पदा जोगाउनुपर्छ भन्ने जागरण आएको छ । यो आफैंमा राम्रो कुरा हो । तर, यसलाई हामीले पर्याप्त प्रवर्द्धन गर्न सकेका छैनौं । पूजाआजा मात्र होइन, बाटो, हिति इनार, मठमन्दिरजस्ता पूर्वाधार मासिए । त्यसैलाई जोगाउनु विकास हो । यहाँ त उल्टो विकासले विनाश गरिरहेको देखिन्छ । काठमाडौं उपत्यकाका पुराना बस्तीलाई आधुनिकतामा परिणत हुन दिनुहुँदैन ।

मैले सानैदेखि देख्दै आएको रानीपोखरीमा वर्षको एक दिन मात्रै छिर्न पाइन्छ । कुनै समय खुला थियो होला । रानीपोखरीलाई व्यवस्थापन गर्न सक्यो भने पनि सधैं खुला गर्न सकिँदैन । त्यो कमाई खाने भाँडो नहोस् भन्ने लाग्छ । अर्को टुँडिखेल यहाँको ठुलो सम्पदा मानिन्छ । जुन वातवरणीय दृष्टिकोण र सामूहिक रूपमा बस्ने, जात्रा पर्व मनाइने ठाउँ हो । यो आममानिसको पहुँच होस् भनेर पुर्खाले छोडिदिएको जमिन हो । तर, त्यसलाई नेपाली सेनाले कब्जा गर्दै लग्यो, त्यसको क्षेत्रफल पनि घट्दै गयो । यो आममानिसको पहुँचमा हुनुपर्छ । अहिले टुँडिखेल जनताको भनेर जागरण फैलिएको छ । तर, अझै सशक्त रूपमा अघि बढ्न सकेको छैन । यसलाई खुला बनाउन महानगरपालिकाले अपनत्व लिएर अघि बढ्नुपर्छ ।

■ जगेर्नाका लागि चुनौतीहरू


हामी भौतिक सुविधा खोजिरहेका छौं । यो मानवीय स्वभाव पनि हुन सक्ला । सुविधा खोज्ने क्रममा हामीले हाम्रो पहिचान गुमाउँदै त छैनौं ? यो अहिलेको जटिल प्रश्न हो । पुरानोलाई हटाएर नयाँ बनाउने भन्ने सोचाइ छ । जुन गलत हो ।

आजभन्दा एक सय वर्षअघि पनि हाम्रा पुर्खाले यस्ता सांस्कृतिक सम्पदा निर्माण गरिदिए । त्यो उनीहरूले दिएको चिनो हो । पुर्खाले बनाइदिएको भौतिक सम्पदालाई हामीले जगेर्ना गर्नुपर्छ । पुर्खाले दिएको ज्ञान, सीप, परम्परा, संस्कृति बिसँदै गयौं । पुर्खाले सम्पदा जोगाए थिए । तर, हामीले त्यसलाई जोगाउन सकेनौं । कलेज स्कुल पढ्दा आफ्नो संस्कृतिबारे चासो लिन्न थिएँ । तर, अहिलेका नयाँ पुस्ताले संस्कृति जोगाउन चासो राखेको देखिन्छ । यो खुसीको कुरा हो ।

प्रस्तुति : **पवन बराइली**

ऊर्जा मिल्ने पाथीभरा यात्रा

आँखैअगाडि देखिने कुम्भकर्ण हिमाल र शक्तिपीठले बिर्साउँछ थकान







पाथीभरा मन्दिर जाने बाटोमा पर्ने माथिल्लो फेदीबाट देखिएको दृश्य ।

पाथीभराबाट अलि ढाटा रहेको कञ्चनजंघा, काङबाचेन, मकालु, लोत्से र नोत्से हेर्न पाइन्छ

पर्यटन



● शिवहरि घिमिरे

चट्टाने पहाड । आँखैअगाडि ठोक्किएजस्तो कुम्भकर्ण हिमाल । ठिंग उभिएका थुप्रै हराभरा डाँडाहरू । तीनै डाँडाको बिचमा पर्ने पाथीभरा डाँडाको टुप्पोमा छ, पाथीभरा देवीको मन्दिर ।

ताप्लेजुङ सदरमुकाम फुङलिङदेखि करिब १९.४ किमिको दूरीमा रहेको यो डाँडा आफैंमा भरिपूर्ण छ । यहाँबाट थुप्रै प्राकृतिक मनमोहक दृश्य नियाल्न पाइन्छ । शीतल हावा खाँदै जति उकालो चढ्यो त्यति मनमा ऊर्जा थपिन्छ । त्यसैले त भनिन्छ, पाथीभरा यात्रा एउटा मन्दिर दर्शन गर्ने यात्रा मात्र होइन, हराभरा प्राकृतिक दृश्यावलोकन गर्ने रमणीय यात्रा पनि हो । ठाडै उकालो यात्रा गर्दा निकै थकान महसुस हुन्छ । तर, जब मन्दिर पुगिन्छ, तब सारा थकान मेटिन्छ ।

हाल यो ठाउँको दर्शन गर्न दैनिक पाँचदेखि सात हजारसम्म यात्रु आउँछन् । उकालोको यात्रा कठिन भएकाले धेरैजसो हिँड्न सक्ने भक्तजनहरू यहाँ पुग्छन् । तर, कतिपय वृद्धवृद्धालाई बोकेरै भए पनि दर्शन गर्न मन्दिरमा पुऱ्याउने गरिन्छ । नेपालमा रहेका थुप्रै कोटमध्ये पाथीभरालाई महत्त्वपूर्ण शक्तिपीठको रूपमा लिइन्छ ।

तीन हजार सात सय ९४ मिटर उचाइमा रहेको यो मन्दिर पुग्न हरेक दिन भक्तजन यात्रा गरिरहेका हुन्छन् । यो मन्दिरसँग माना र पाथीको इतिहाससमेत जोडिएको छ । मन्दिरमा राखिएको माना र पाथीमा भक्तजनले अन्न भर्ने गर्छन् । कतिपयले मानापाथी पनि चढाउँछन् । यसो गर्दा भोकमरी नलाग्ने र अन्न उत्पादन बढ्ने विश्वास पनि गरिन्छ ।

पाथीभरालाई ताप्लेजुङमा लिम्बू, गुरुङ, तामाङ समुदायले पनि निकै महत्त्वपूर्ण तीर्थस्थल मान्छन् । ताप्लेजुङस्थित फुङलिङका डिगबहादुर लिम्बूका अनुसार यहाँका रैथाने लिम्बू समुदाय पाथीभरालाई

साप्ताहिक राशिफल

६ मंसिर (शनिबार)
१२ मंसिर (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साथीभाइको राम्रो सल्लाह र सद्भावना प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन् । रोकिएका सरकारी काम सुल्झाउने राम्रो समय छ । धार्मिक तथा आध्यात्मिक गतिविधिमा सहभागी बन्नुपर्नेछ र त्यसबाट प्रशंसित हुने अवसर प्राप्त हुनेछ । आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि तथा पशुपालनमा कम र व्यापारमा प्रशस्त फाइदा हुने योग छ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

जग्गाजमिनको कारोबार गर्दा असल हुने संकेत छ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । सन्तान पक्षबाट पनि राम्रै सहयोग प्राप्त हुनेछ । साताको अन्त्यमा पछाडि कुरा काट्ने शत्रु आफैं पराजित हुनेछन् । सामाजिक कार्यमा नेतृत्वदायी भूमिका वहन गर्नुपर्नेछ । सद्भाव र प्रेममा उच्च सफलता प्राप्त हुने योग छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

अभिभावकवर्ग वा विशिष्ट व्यक्तिको सहयोग प्राप्त हुनाले कार्य सम्पन्न हुनेछ । मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ । बुधबारपछि पुराना साथीभाइसित अचानक भेटघाट हुने र आकस्मिक लाभ मिल्ने समय छ । कर्मसिद्धिको समय छ । सामूहिक नेतृत्व सम्हाल्ने मौका मिल्नेछ । व्यापारमा लाभ हुनेछ । साताको अन्त्यमा व्यापारमा प्रशस्त फाइदा हुनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सहयात्रीबाट प्राप्त सल्लाहबाट गरिएको कामबाट फाइदा हुनेछ । बुधबारपछि व्यापारीहरूले हानि व्यहोर्नुपर्छ र कर्मचारीले अपजस व्यहोर्नुपर्छ । छात्रछात्रा रमाइलोमा भुलिनेछन् । साताको अन्त्यमा मान्यजन र अभिभावक वर्गको सहयोगमा रोकिएका काम सम्पादन गर्न सघाउ पुग्नेछ । घरमा परपाहुना र अतिथिको आगमन हुन सक्छ । नयाँ ठाउँमा धन लगानी गर्ने वातावरण बन्नेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

पठनपाठनमा प्रगति हुनेछ । सभासमारोहमा सहभागी बन्ने मौका छ । आम्दानीका मार्ग खुला रहनेछन् । चिन्तन महत्त्वपूर्ण बन्न सक्छ । हडबड र शीघ्रतालेे काम गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुस् । बुधबारपछि जीवनसाथी वा मित्रसँग मन फुकाएर आफ्ना कुरा राख्नका लागि राम्रो छ । घरमा मांगलिक कृत्य सम्पादन गर्ने समयसमेत छ । शरीरमा आलस्य र थकानको अनुभव हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आफ्नै जिद्दीपनाले गर्दा काम बिग्रने र छरछिमेकमा असमझदारी बढ्ने सम्भावना छ । व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । छोराछोरीबाट सन्तोष हुनेछ । आफन्तले समेत कुरा सुन्न र समय दिन सक्दैनन् । मनमा अशान्ति र छटपटी व्याप्त हुनेछ । स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्ने सम्भावना छ । साताको अन्त्यमा लामो समयपछि चाहना पूर्ण हुने योग आएको छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ । व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ । दाजुभाइको प्रगतिको समाचार सुन्न पाइएला । पारिवारिक जीवन सामान्य र सन्तोषप्रद रहनेछ । साथीहरूसित मनोरञ्जन गर्ने अवसर जुर्नेछ । साताको अन्त्यमा परिवारमा पनि वैचारिक मतभेद देखापर्ने सम्भावना छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

पारिवारिक जमघटमा मन रमाउनेछ । वस्त्र, अलंकार आदि खरिद गर्ने योग छ । पशुपालक र दुग्ध व्यवसायमा संलग्नहरूले लाभ प्राप्त गर्नेछन् । बुधबारपछि परिवारजनमा असमझदारी बढ्नेछ, मान्यजन वा अभिभावकवर्ग रुष्ट हुन सक्छन् । साताको अन्त्यमा कुनै विशेष खुसीको समाचार सुन्न पाइएला । राम्रो कामका लागि काम गर्ने वातावरणअनुकूल बन्नेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

खानपिनका परिकार प्राप्त हुने र भ्रमण, पर्यटन, रमझम तथा सामाजिक काममा सहभागी हुनुपर्नेछ । सुनचाँदीजस्ता धातुको कारोबारबाट धेरथोर लाभ मिल्नेछ । बोलीमा पूर्ण प्रभाव छ, तर विवाद र झगडामा पछि हट्नु नै बेस हुनेछ । बुधबारपछि सामाजिक कार्यमा नेतृत्वदायी भूमिका वहन गर्नुपर्नेछ, जसबाट यश प्राप्त हुनेछ । बोलीको प्रभाव रहनाले काम बन्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

परिवारबाट असहयोग हुनेछ । व्यवसाय वा पेसामा परिवर्तनको धारणा उत्पन्न हुन सक्छ । नयाँ काममा हात हाल्ने समय भएकाले आफ्ना विचारलाई कार्यान्वयन गर्दा राम्रो हुन्छ । धन लगानी गर्ने अवसर पाउनुहुनेछ । साताको अन्त्यमा सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ । शुभ कुराको संकेत मिल्नेछ । कुनै देवालय, मठमन्दिर वा सार्वजनिक प्रतिष्ठानको दर्शन, भ्रमण वा अवलोकन हुनेछ ।


कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन । सन्तति र भाइबहिनीका पक्षबाट सन्तोष मिल्नेछ । व्यावसायिक क्षेत्र लाभप्रद छ । भौतिक साधनको जोहो हुनाका साथै मनोरञ्जनात्मक क्रियाकलापमा सक्रिय हुने अवसर जुट्नेछ । साताको अन्त्यमा प्राविधिक काममा विशेष सफलता प्राप्त हुनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

समाजको नेतृत्व वहन गर्नुपर्नेछ । खाद्यान्नका परिकार तथा मेवामिष्ठान्न मिल्ने समय छ । जग्गाजमिनको कारोबार गर्दा असल हुनेछ । सामाजिक सभासमारोहमा भाग लिनुपर्नेछ । राजनीतिक क्षेत्रको वातावरणले मन परिवर्तन हुन सक्छ । खानपिनका परिकार प्राप्त हुने र विशेष यज्ञयागादि तथा धार्मिक कृत्यमा सहभागी हुनुपर्नेछ ।

पुस्तक समीक्षा



● लेखनाथ न्यौपाने

नवराज पुडासैनी, उनलाई बढीजस्तो गुराँस भनेर चिनिन्छ । गुराँस जसरी वसन्तमा हाम्रा पाखापखेरामा ढकमक्क पुल्छ, त्यसरी नै पुलेका छन् गुराँस 'संघर्षको इतिहास' मा । जसरी चैत वैशाखताका पखेरातिर गुराँसको फूल निख्रिँदो हुन्छ, त्यस्तै उनका बाआमाका दशमध्ये आठौं अथवा निख्रिँदो सन्तान हुन् उनी । उनी विद्यालय पढ्दादेखि नै प्रगतिशील विचारमा लागेका थिए । यसकारण पनि गिरफ्तार, हिरासत, मुद्दा र जेल उनको युवावयको अनिवार्य एउटा पाटोजस्तो देखिन्छ । उनका कविता, संस्मरणलगायत फुटकर रचनाहरू प्रकाशित हुँदै आएका थिए । 'संघर्षमा सिरानचोक' पुस्तक उनको पहिलो कृति बनेर हामी पाठकमाझ सार्वजनिक भएको छ ।

यो पुस्तक इतिहास, बलिदान र जीवनी गरी तीन खण्डसहित २०४ पृष्ठमा बुनिएको छ । ७५३ मध्येको सिरानचोक एउटा पालिका मात्र हो, तर यसको विशिष्ट पहिचान छ, जसले



पाथीभराबाट देखिएको कुम्भकर्ण हिमाल र अन्य हिमशृंखला ।



पाथीभरा मन्दिर क्षेत्रमा सौन्दर्यका लागि गोलाकार बनाएर राखिएका घन्टी ।

यहाँको कुनै पूजाविधि छैन, भक्तजनले आफूलाई जसरी मन लाग्छ त्यसरी नै पूजा गर्ने गर्छन् । पछिल्लो समय यहाँ भाकल गरेकाहरू बढी पुग्ने गरेका छन् । पाथीभरा देवीलाई सौभाग्य तथा सुन्दर देवीका रूपमा पनि लिने गरिन्छ ।

'मुक्कुमलुङ' भन्ने गर्छन् । लिम्बू समुदाय पाथीभरालाई शक्ति र बलको स्रोत मान्छन् ।

■ भेडीगोठसँग जोडिएको अनौठो किंवदन्ती

पाथीभरा मन्दिर प्रसिद्ध तीर्थस्थल पनि हो । यो मन्दिरलाई हिन्दु एवं बौद्धहरूले बढी मान्ने गर्दछन् । पाथीभरासँग थुप्रै किंवदन्ती, जनश्रुति जोडिएका छन् । जनश्रुतिअनुसार परापूर्वकालमा यस क्षेत्रका गोठालाहरूले आफ्नो भेडीगोठ पाथीभरामा बनाएका थिए । त्यस समयमा गोठका भेडाहरू हराए । हेर्दाहेर्दै भेडाहरू अलप भएपछि मानिसहरूले अनौठो माने । एक दिन एकजना गोठालेले सपना देखे । गोठालालाई देवीले आफ्नो आकृतिसहित उत्पत्तिस्थलबारे सपनामा जानकारी गराइन् । सपनामा देवीले भेडाको बलिसहित पूजा गर्नु भनेपछि अलप भएका भेडा फिर्ता आउने विश्वाससहित गोठालाहरूले देवीले भनेको ठाउँमा भेडा बलिसहित पूजा गरे । त्यसपछि ती हराएका सयौँ भेडा जस्ताको तस्तै पहिलाकै ठाउँमा देखिए । गोठालाले आश्चर्य मान्दै देवीको नियमित पूजा गर्न थाले । जानकारहरूका अनुसार पाथीभरालाई आस्था र अलौकिक शक्ति भएकी देवीका रूपमा लिने गरिन्छ । यहाँको कुनै पूजाविधि छैन, भक्तजनले आफूलाई जसरी मन लाग्छ त्यसरी नै पूजा गर्ने गर्छन् । पछिल्लो समय यहाँ भाकल गरेकाहरू बढी पुग्ने गरेका छन् । पाथीभरा देवीलाई सौभाग्य तथा सुन्दर देवीका रूपमा पनि लिने गरिन्छ । सोहीकारण भक्तजनहरूले देवीलाई सौन्दर्यका सामग्री पनि चढाउँछन् । स्थानीयका अनुसार फागुनदेखि कात्तिक महिनासम्म पाथीभरा यात्रा निकै रमणीय र सहज हुन्छ । यहाँ पुग्न सदरमुकाम फुडलिङदेखि सुकेटार, तल्लो फेदी, माथिल्लो फेदी हुँदै यात्रा गर्नुपर्छ ।

यहाँ भक्तजनले पाथी भरेको ५५ सय रुपैयाँ पैसा लाग्छ । 'पाथीभरा देवीको बहिनीका रूपमा मानालाई लिने गरिन्छ । पैसा थोरै हुनेले माना भर्ने चलन छ, मानापाथी भर्दा माना र पाथीजस्तै चिताएको कुरा भरिपूर्ण होस् भन्ने हो । माना बोकेर जाँदा पैसा भरेको ३५० लाग्छ, मानासहित पैसा भर्दा ८५० लाग्छ ।

पाथीभरा पुग्न तल्लो फेदीदेखि यात्रा गर्नुपर्छ । पाथीभरा क्षेत्रमा गोब्रेसल्लो, धुपी, गुराँसजस्ता रुख बढी छन् । गुँरास फुल्ने सिजनमा यस क्षेत्र हराभरा देखिन्छ । जंगलको बिचमा बनेका सिँढी चढ्दै गर्दा जब पाथीभरा देवीको मन्दिरनजिकै पुगिन्छ सारा दुःख बिर्सिन्छ । त्यहाँबाट कुम्भकर्ण हिमाल र अन्य थुप्रै हिमशृंखला नियाल्न पाइन्छ । पाथीभराबाट अलि ढाटा रहेको कञ्चनजंघा (८५८६ मि.), काङबाचेन (७९०३ मि.), मकालु (८४६३ मि.), लोत्से (८५१६ मि.), नोत्से (७८५५ मि.) हेर्न पाइन्छ । तर, अलि नजिकबाट देखिने कुम्भकर्ण हिमाल नै हो । मानिसको मुखाकृतको यो हिमालले पाथीभराको टुप्पोलाई थप हराभर देखाएको छ ।

■ भक्तजन बोकेर जीविकोपार्जनमा स्थानीय युवा

पाथीभराको दर्शन गर्न पुगेका कतिपय भक्तजनहरू उकालो चढ्न सक्दैनन् । तर, त्यस्ता व्यक्तिहरूका लागि पनि यहाँ विकल्प छ । स्थानीय युवाहरूले उकालो चढ्न नसक्ने भक्तजनहरूलाई बोकेरै मन्दिरसम्म पुऱ्याउँछन् । यसो गर्दा उनीहरूको रोजीरोटीमा पनि सहज हुने गरेको छ । फुडलिङस्थित काफ्लेडाँडाका अधिकांश युवाहरूले भक्तजन र उनीहरूका सामान बोक्छन् । स्वाँस्वाँ गर्दै कतिपय व्यक्ति उकालो चढ्न सक्दैनन् । कतिपय व्यक्ति हिँड्दाहिँड्दै ढल्छन् । केटाकेटी बोकेर गएका बिचबाटोमै गल्छन् । बुढाबुढीहरू उकालोमा पाइला चाल्न नसकेर गल्छन् । तर, उनीहरूलाई मन्दिर पुऱ्याउन स्थानीय युवाहरू बिहानैदेखि भरियाको रूपमा खटिएका हुन्छन् ।

'हामीलाई उकालोमा हिँड्न खासै थकान हुँदैन, दिनदिनै हिँड्दा बानी हुन्छ, भक्तजनहरूलाई बोकेर हामीले मन्दिरसम्म पनि पुऱ्याउँछौं,' पाथीभरा मन्दिर जाने बाटोमा भेटिएका सुरज तामाङले भने,' उहाँहरूले आफूलाई लागेको पैसा दिनुहुन्छ, दैनिक चार-पाँचजना भक्तजनलाई मन्दिर पुऱ्याउँछु ।' सुरजजस्तै अन्य थुप्रै युवाहरूले यसरी भरिया पेसा अँगालेका छन् । उनीहरूले दैनिक ६-७ हजार यही कामबाट कमाउँछन् । 'उकालोमा भारी बोकेर र मान्छे बोकेर हिँड्न त सजिलो छैन, तर काम गर्न परिहाल्यो, कित विदेश जानुपऱ्यो, गाउँघरमा अरू काम छैन,' भरियाको रूपमा काम गर्ने अर्का स्थानीय राजकुमार लामाले भने,'कहिलेकाहीँ त भक्तजनहरू धेरै आउनुहुन्छ, बोकेर लैजान पनि भ्याइँदैन, जेहोस् काम गर्न सक्ने हो भने पैसा राम्रै कमाइन्छ ।' उनका अनुसार कतिपय भक्तजनले थोरै र कतिपयले धेरै पैसा दिने गर्छन् । धार्मिकस्थलमा जानेहरूसँग बार्गेनिङभन्दा पनि जति दिन्छन् त्यति नै ज्याला दिने गर्छन् ।

पाथीभरा मन्दिरमा सेवककर्ताका रूपमा काम गर्ने विष्णु तामाङले पछिल्लो समय पाथीभरामा चोरी हुने गरेको बताइन् । 'पहिले पाथीभरा मन्दिरका इमानदार भक्तजन आउनुहुन्थ्यो, तर अहिले चोरी गर्ने पनि आउने गर्छन् । पाथीभरामा आफ्नो इच्छाले दर्शन गर्ने हो, जे भनिएको छ सोहीअनुसार दर्शन गर्नुपर्छ,' उनले भनिन्,'पाथीभरामा आफूलाई जस्तो श्रद्धाभावले पूजा गरे पनि हुन्छ, यहाँ मागेको पूरा हुन्छ, तर पछिल्लो समय मानापाथीहरू चोरी हुन्छ, कतिपयले शंख, डमरु र घण्टी चोरी गर्नुहुन्छ, थोरै चढाएर धेरै लिएर जानुहुन्छ, भक्तजनमा विकृति हुनु राम्रो होइन ।' उनका अनुसार दसैँ तिहार र चैत्र नवरात्रिको वेला सबैभन्दा धेरै भक्तजनको संख्या बढ्ने गर्छ ।

बढ्दै महिला लेखकका पुस्तक

अब महिलाले आफूले देखेको समाजका कुरा आफैँले भन्ने वेला आएको छ



यो महिला जागरणका लागि अग्रसर हुने युग हो । जागरणका लागि हामीले आफ्ना कुरा र अनुभूति जति सक्दो बढी संख्यामा भन्नुपर्छ । यतिवेला हामीलाई संख्या र गुणस्तर दुवै चाहिएको छ । यी दुवैको सन्तुलन मिलाउन हामीले सक्दो मिहिनेत पनि गर्नैपर्छ ।

● शान्ति तामाङ

प्रविधिको विकाससँगै पुस्तकको युग समाप्त हुँदै छ भन्ने बहस चल्न थालेको केही समय भइसकेको छ । लेखकहरूमाझ 'लेखेरै बाँच्न त सकिन्न' भन्ने बहस सदाबहार नै चल्छ । लेखकहरूले प्रकाशित गरेका पुस्तकहरू कतिले पढे, कतिले पढेनन् भन्ने पनि अन्दाज गर्न मुस्किल नै छ । तर, पनि लेखकहरूले लेख्न छाडेका छैनन् । पुस्तकहरू बजारमा प्रकाशित भइनैरहेका छन् । लेखक बढ्नुको मतलब पाठक पनि बढ्नु हो । यसलाई सकरात्मक रूपमा लिनुपर्ने विज्ञहरू बताउँछन् ।

अघिल्ला वर्षहरूमा पुरुष लेखककै पुस्तकहरू बढी प्रकाशित हुन्थे । यस वर्ष पनि पुरुष लेखककै पुस्तक प्रकाशित धेरै छन् । तर, अघिल्ला वर्षभन्दा यस वर्ष पुस्तक प्रकाशित गर्ने महिला लेखकहरूको संख्या उल्लेख्य बढेको देखिन्छ । यो वर्ष बित्न चार महिना बाँकी हुँदै महिला लेखकका पुस्तक पाठकमाझ बाक्लै प्रकाशित भइरहेका छन् । पुस्तक लेखनमा महिलाको उपस्थिति बढ्नु पक्कै पनि सुखद खबर हो । यो वर्ष महिनैपिच्छेजसो आफ्ना कृतिका साथ महिला लेखक देखिएका छन् । स्थापित महिला लेखकहरू पनि पुस्तक प्रकाशित गरिरहेका छन् भने नयाँ लेखकहरू पनि देखिएका छन् । यो वर्षको आठ महिना बित्दा करिब एक दर्जन महिला लेखकले कृतिबजार ल्याइसकेका छन् । वर्षको सुरुवात अर्थात् वैशाखमै साहित्यकार, मुक्तककार गृष्मा पौड्यालद्वारा लिखित मुक्तकसंग्रह 'संघर्ष १०१' सार्वजनिक भयो । सोही महिना अलका मल्लको कविता, गजल र गीतको सँगालो 'मनका तरंग' सार्वजनिक भयो । साउनमा दीपा दाहालको कथासंग्रह 'विजयिनी' सार्वजनिक भयो । सोही महिना लेखक उमा सुवेदीले उपन्यास 'परिधि' सार्वजनिक गरिन् । साउनमै इन्दु थारुको कथा संग्रह'बुढनी' प्रकाशित भयो । अर्को महिना भदौमा सुमन स्मारिकाको 'साहेब' गजलसंग्रह सार्वजनिक भयो । साहित्यकार सीमा आभासको पहिलो उपन्यास 'महायुग' असोजमा सार्वजनिक भयो । असोजमै धरानकी कवि डा. अस्मिता विष्टको पहिलो कविता-किताब 'ब्ल्याकहोलमा गीतहरू' पनि असोजमै बजारमा आयो । । असोजमै अनिता पन्थीको उपन्यास 'अनायोजित' प्रकाशित भयो । कवि निरञ्जना चन्द 'निरु'को कवितासंग्रह 'वनफूलको विद्रोह' यही महिना सार्वजनिक भएको छ । लक्ष्मी रेग्मी खनालको 'अन्त्य' पनि पाठकमाझ आएको छ ।

सुवेदीको पछिल्लो कृति 'परिधि' समाजभित्रकै घटनाक्रम, कथा र पात्रहरूको मनोदशा समेटिएको उपन्यास हो । 'यो उपन्यासका घटनाक्रम फरक ढंगले घटेका छन् । यसभित्रका कथा र तिनको प्रस्तुति नितान्त फरक छ । पात्रहरू हाम्रै छेउछाउका लाग्छन् । तर, तिनको भोगाइ र सोचाइले तिनलाई पनि अरू आमपात्रभन्दा बिल्कुलै फरक बनाउँछ । यसले मानिसभित्रको मन, मस्तिष्क र चेतनाको कुरा बताउन खोजेको छ,' सुवेदीले भनिन् ।

दाहालको 'विजयिनी' कथासंग्रहमा ११ वटा कथा समावेश छन् । उनका धेरै कथा महिलाका मुद्दामै केन्द्रित छन् । 'मेरो कथासंग्रहमा धेरैजसो सामाजिक विषयवस्तुमा लेखिएका कथाहरू छन्,' दाहालले भनिन्,'समाजमा महिला पात्रहरूको भूमिका र उनीहरूले गर्ने कामलाई अवमूल्यन गरिन्छ । अथवा महिलालाई सहायक व्यक्ति, सहायक पात्र, सहायक भूमिका, सहायक मानवको रूपमा लिने गरेका छौं । यी कथाहरूमा चाहिँ महिलालाई प्रधान पात्र बनाएर राखेको छु ।'

निरुको कवितासंग्रहमा ६१ वटा कविता समावेश छन् । कवितासंग्रहमा शालीन विद्रोहका कविताहरू छन् । ती सबै कविताको फरक-फरक भाव भएको उनले बताइन् । 'विकृति, विसंगति, राजनीतिक नौटंकी, कमजोर मानवता, सीमान्तकृत वर्ष, महिला हिंसालगातयका विषयमा कविता समावेश गरेको छु,' उनले भनिन्, 'घरमा फूलले संरक्षण, सम्मान, माया र सुरक्षा पाएको हुन्छ, तर वनको फूल आफैंमा सुन्दर हुन्छ, तर उनीहरूले माया, सम्मान र संरक्षण पाएका हुँदैनन् । सीमान्तकृत, दलित वर्गले वनका सुन्दर फूलजस्तै भएर रमाएर बसेका छन् । तर, उनीहरूले राज्यबाट सही दृष्टिकोण पाएकी पाएनन् भनेर प्रश्न गर्ने उद्देश्यले कविता लेख्ने प्रयास गरेको छु ।'

■ यसकारण महिलाले लेख्नुपर्छ

नेपाली साहित्यलाई एकांकी चिन्तनबाट मुक्त गर्न महिलाहरूले जतिसक्दो धेरै लेख्नुपर्ने सुवेदीको बुझाइ छ । 'यो महिला जागरणका लागि अग्रसर हुने युग हो । जागरणका लागि हामीले आफ्ना कुरा र अनुभूति जति सक्दो बढी संख्यामा भन्नुपर्छ । यतिवेला हामीलाई संख्या र गुणस्तर दुवै चाहिएको छ । यी दुवैको सन्तुलन मिलाउन हामीले सक्दो मिहिनेत पनि गर्नैपर्छ,' सुवेदीले भनिन्, 'आजसम्म नेपाली साहित्यमा देखिएको समाज मूलतः पुरुषको आँखाबाट हेरिएको समाज हो । अब महिलाले आफूले देखेको समाजका कुरा आफैंले भन्ने वेला आएको छ । त्यसपछि मात्र नेपाली साहित्य एकांकी चिन्तनबाट मुक्त हुन्छ र नेपाली साहित्यको समृद्ध स्वरूप देखापर्छ ।'

लेखक दाहाल आफ्ना कथा भन्नका लागि कथा लेख्न थालेको बताउँछिन् । 'सुरुमा नजानेर र पछि जानेर लेख्न थालियो । मेरो कथा कसैले लेखिँदैनरहेछ भन्ने महसुस भयो । जुन कुरा नेपाली साहित्यमा पढौं भनेर खोजेको छु, त्यो कुरा ठ्याक्कै प्राप्त गर्न सकिएन । अरूले लेखिदेओस् भन्ने अपेक्षा गर्नुभन्दा आफैं प्रयास किन नगर्ने भनेरै लेखेको हो,' उनी भन्छिन्,'हाम्रो मुद्दा, हाम्रो समस्या आममानिसमा गहिरो गरी पुऱ्याउन पनि लेख्नैपर्छ ।' महिलाको वास्तविक कुरा बाहिर ल्याउन पनि महिलाले नै लेख्नुपर्ने निरुको अनुभव छ । 'महिलाले अगाडि बढ्न केही न कही धार समाउनुपऱ्यो । महिलालै नै लेख्न थालेपछि महिलाका वास्तविक कुरा बाहिर आउँछ त्यसैले पनि महिलाले लेख्न जरुरी छ,' निरुले भनिन् ।

सिरानचोकको संघर्ष गाथा

इतिहासका विभिन्न कालखण्डमा अथवा समाज विकासको गतिलाई अगाडि बढाउने क्रममा निकै ठुलो बलिदान र योगदान गरेको देखिन्छ । पुस्तक मूलतः सिरानचोकको प्राकृतिक र सांस्कृतिक पहिचानवरिपरि उभ्याएको छ । जुन अन्तरवस्तु पुस्तकले बोकेको छ, यो मात्रात्मक नै सही मौलिक देख्न सकिन्छ । यस्तो प्रकृतिको कृति सायदै छन् जस्तो लाग्छ, तर करिब यस्तै प्रकृतिको पुस्तक 'जनयुद्धमा गण्डकी' (गण्डकी गाउँपालिका गोरखा)ले प्रकाशन गरेको छ । पालिकाका बहुपहिचान र सम्भावनालाई समेटेर यस्ता प्रकाशन सबै पालिकाले गर्न सक्दा हाम्रो समाज स्थानीय रूपमा थप समृद्ध र बलशाली बन्न सक्थ्यो । यस्ता प्रकाशनलाई सन्दर्भ/स्रोत सामग्री मानेर स्थानीय सरकारले गर्दै गरेको विद्यालयस्तरको पाठ्यपुस्तक निर्माणमा समेत महत्त्वपूर्ण सहयोग पुग्थ्यो ।

इतिहास विधामा पुस्तक लेख्दा जुन स्तरको खोज, अनुसन्धान र धैर्यता अनिवार्य हुन्छ, तर संघर्षमा सिरानचोक पुस्तकका लेखक गुराँस उपयुक्त पक्षमा हतार गरेर प्रकाशनमा पुगेको पुस्तकमा देख्न सकिन्छ ।

सिरानचोकका ८ वडामा बसोवास गर्ने जाति-जनजातिहरूको सांस्कृतिक पहिचानको खोजी र गहिराइमा पुस्तक जति प्रवेश गरेको छ, यो अपुग भएको



अनुभूति हुन्छ । यहाँ गुरुङ, दलित र खसआर्यहरूको बाहुल्य भए पनि यसबाहेक तामाङ, कुमाल, वराम, नेवार, मगर, मुस्लिमलगायतका जाति-जनजातिहरूको बसोवास छ । यहाँका सबै जाति-जनजातिहरूको सांस्कृतिक पहिचानअन्तर्गत जनसंख्याको आँकडा, घनत्वको क्षेत्र, उत्पादन संघर्षमा खेलेको भूमिका, भाषा, लिपि, साहित्य, वेशभूषा एवं ऐतिसासिक परम्पराबारे विस्तृत रूपमा उल्लेख गर्न सकेको भए पुस्तक गहकिलो र थप पठनीय बन्न सक्थ्यो ।

इतिहासका महत्त्वपूर्ण कडी जुन सिरानचोकको पहिचान र योगदान थियो, यस्ता कडीहरू पुस्तकले छुटाएको अनुभूति हुन्छ । गोरखा राज्य विस्तार अभियानलाई रोक्न चौबिसे राज्यहरू लम्जुङ, कास्की पर्वतलगायतले एकल वा संयुक्त रूपमा गोरखामाथिको आक्रमण सबभन्दा बढी सिरानचोकमा भएको थियो । सिरानचोकको भिम्रेकलाई त केही समय उनीहरूको कब्जामा लिएकोसमेत देखिन्छ । पछि गोरखालीहरूको कडा मुकाबिला गरेर विसं १९३८ मा भिम्रेक फिर्ता ल्याएको र त्यसपछि पनि १८४१ को घर्तीछाप र चिप्लेटीमा भएको लडाइँमा चौबिसे राज्यका फौजलाई लखटेर युद्ध जितेको घटना बाबुराम आचार्यको पुस्तक 'नेपालको संक्षिप्त इतिहास' (पृष्ठ २३०) र राजकुमार दिक्पालको पुस्तक 'पृथ्वीनारायण शाह : आलोचनात्मक इतिहास' (पृष्ठ २९)'मा उल्लेख भएको देखिन्छ ।

विसं ०१३ सालमा कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको उपस्थितिमा हर्मीका लीलानाथ ढकालको घरमा बसेर किसान संगठन बनाएको, जुन सिरानचोक पार्टी निर्माणको पहिलो खुड्किलो थियो । त्यसैगरी, ०३५ सालवरिपरि सिरानचोकका विभिन्न स्थानमा कम्युनिस्ट पार्टीका सेल निर्माण भएका थिए । यसमा हर्मीमा मोदनाथ मरहट्ठाहरू, छोप्राकमा रामशरण पोखरेलहरू र जौवारीमा यमुना न्यौपानेहरू सक्रिय थिए ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



इँटाभट्टादेखि विश्व च्याम्पियनसिपसम्म

एसियन गेम्ससम्म पुग्ने लक्ष्य बनाएकी कराँते खेलाडी सानुमायाले विश्व च्याम्पियनसिप नै खेल्ने भएकी छिन्

खेल



● शान्ति तामाङ

सानुमाया थिङ, अब यो नाम धेरैका लागि नौलो रहेन । इजिप्टको कायरोमा मंसिर ११ देखि १४ गतेसम्म हुने विश्व कराँते च्याम्पियनसिपमा सानुमायाले प्रतिस्पर्धा गर्ने भएपछि यो नाम धेरैको जानकारीमा आयो । उनी सहितको टिम भोली(आइतबार) इजिप्ट जाँदैछन् । विश्व च्याम्पियनसिपमा उत्कृष्ट नतिजा ल्याउने दृढतासहित अहिले उनी दैनिक पाँच घण्टा प्रशिक्षण गरिरहेकी छिन् । उनलाई राष्ट्रिय टोलीका काता प्रशिक्षक मन्डेकाजी श्रेष्ठले प्रशिक्षण गराइरहेका छन् । गुमनाम सानुमायाको विश्व च्याम्यिपनसिपको यात्रा कसरी तय भयो ? विश्व च्याम्पियनसिपसम्म पुग्न उनको मिहिनेत कति छ ? भविष्य छैन भनिएको खेलकुदमा सानुमाया टिक्लिन् ? यही जिज्ञासाले सानुमायाले प्रशिक्षण गरिरहेको दशरथ रंगशालास्थित सितोरियो कराँते डोजोमा पुऱ्यायो ।

बिहानैदेखि प्रशिक्षण गरिरहेकी सानुमायाको जोश बिहान १० बजे भेट्दा पनि उस्तै थियो । सेतो गी (पोसाक)मा प्रशिक्षण गरिरहेकी उनलाई भेट्नेबित्तिकै सोध्यौं, 'तयारी कस्तो हुँदै छ ?'

उनले भनिन्,'३२ जना उत्कृष्टसँग प्रतिप्रस्र्धा गर्नु चानचुने होइन । आफूले सिकेको कुरा दुई मिनेटमा रिडमा देखाउने हो । दुई मिनेटमा जे हुनेछ, राम्रै हुनेछ । नेपालले नै गौरव मानेको यो क्षण सम्झनलायक बनाउँछु ।,'

जोश, ऊर्जाले भरिएकी सानुमाया, जो विश्व च्याम्यिनसिपमा नेपाल र कराँतेलाई अविस्मरणीय बनाउन रातदिन मिहिनेत गरिरहेकी छिन् । उनले यहाँसम्म पुग्न भने निकै कठिन यात्रा पार गरेकी छिन् ।

हेटौंडामा जन्मिएकी सानुमाया दुई वर्षको हुँदा बुबा र आमासँगै काठमाडौं आइन् । उनको बुबाआमाले काठमाडौंसम्मको यात्रा जीवन सुखद बनाउने भन्दै सुरु गरेका थिए । तर, उनको बुबाआमाले सोचेजस्तो सहर थिएन, काठमाडौं । त्यसैले उनीहरूको यात्रा इँटाभट्टातर्फ मोडियो ।

बुबाआमासँगै सानुमायाको पनि गन्तव्य भयो, सतुंगलको इँटाभट्टा । उनका कलिला हात, जतिवेला माटोसँग खेल्न मात्र सक्थे, त्यतिवेला घर सम्हालिन् । जब उनी माटोलाई आकार दिन पनि सक्ने भइन्, त्यसपछि भने इँटाभट्टाको बाल मजदुरमा परिणत भइन् । राति दुई बजे नै बुबाआमासँगै उठ्नु, इँटा बनाउनु, बिहान नौ बजे हतार-हतार डेरामा आएर केही पाकेको छ भने खानु, छैन भने भोकै स्कुल कुद्नु अनि फेरि साँझ चार बजे इँटाभट्टामै पुग्नु उनको दैनिकी थियो ।

■ ...अनि कराँते

सानुमाया इँटा बनाउने सिजनमा भट्टाको मजदुर बनिन् । इँटा बनाउने सिजन नहुँदा कहिले वरपरका मान्छेका खेतमा काम गरिन् । कहिले ज्यामी काम गरिन् । इँटाभट्टामा काम गर्ने, त्यहीं बस्ने, सानुमायालाई धेरैले हेलोहोचो गर्थे । दिनहरू बित्दै थिए, इँटाभट्टामै दिन गुजारीरहेकी सानुमाया पढ्ने भैरवनाथ आधारभूत विद्यालयमा कराँते प्रशिक्षण सुरु हुने भयो । जीवनमा कहिल्यै नसुनेको कराँते अनि कहिल्यै नदेखेको सेतो लुगा लगाएर प्रशिक्षण लिन सानुमायालाई पनि रहर जाग्यो । जीवनमा कहिल्यै रहर पूरा गर्न नसकेकी सानुमायाको लागि त्यो रहरको बाधक परिवार बन्ने भयो । बुबाआमाले एकै स्वरमा प्रशिक्षण लिनुपर्दैन भने । 'किन खेल्न जानुपऱ्यो । काम नै गर भन्नुहुन्थ्यो । पैसा नआउने के काम भन्नुहुन्थ्यो,' सानुमायाले भनिन् ।

सधैं अभावमा हुर्किएको उनको परिवारलाई लगनशील भएर छोरीले पनि काम सघाए दुई पैसा धेरै आउँथ्यो । तैपनि सानुमायाले कराँते प्रशिक्षण लिने मौका गुमाउन चाहिनन् । परिवारको अनुमतिविना सात कक्षामा पढ्दै गरेकी सानुमायाले आफ्नो मनलाई सुनिन् । अनि नियमित प्रशिक्षण लिन थालिन् । दिउँसो चार बजेपछि हुने प्रशिक्षणमा सधैं झुटको सहारा लिएरै सहभागी हुन थालिन् । 'स्कुल सक्नेबित्तिकै ट्रेनिङमा जान्थें । घर आयो भने जान दिँदैनथे,' सानुमायाले भनिन्, 'ट्युसन छ भनेर झुट बोल्थें । नत्र ममीले गाली गर्नुहुन्थ्यो ।'

सुरुवाती दिनदेखि नै उनको परिवार सानुमायाको खेलको विपक्षमा थियो । तैपनि प्रशिक्षण लिन थालेको तीन महिनामै भएको प्रथम धनबहादुर स्मृति राष्ट्रिय कराँते प्रतियोगितामा तेस्रो भइन् । त्यसपछि स्कुलनजिकै सुरु भएको धनबहादुर स्पोर्टस् एकेडेमीमै गएर प्रशिक्षण लिन थालिन् । त्यहाँ पहिलो, दोस्रो, तेस्रो हुँदा पुरस्कार पाउन थालिन् । पुरस्कार नै पाउन थालेपछि उनलाई अब कसै गरी खेल छोड्न मन लागेन ।

हुर्केकी, काम सघाउन सक्ने भएकी, घरकी अर्की छोरी सम्हाल्न सक्ने भएकी छोरीलाई बुबाआमाले पनि कसै गरी छोड्नेवाला थिएन । इँटा बनाउने सिजनमा त झनै सानुमायालाई दायाँबायाँ गर्न दिँदैनथे । त्यसैले सातौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनोटमा समेत उनलाई बुबाआमाले कसै गरी पठाउन चाहेनन् । किनभने त्यतिवेला इँटा बनाउने सिजन सुरु भएको थियो । 'ममीले सीधै नजा भन्थे । दिदीको सानैमा बिहे भएको र बहिनी सानो भएकाले घरको काम सघाउनका लागि भए पनि मेरो आवश्यकता थियो । काम गर्ने सिजनकै वेला सातौं राष्ट्रिय खेलकुदका लागि छनोट हुने भयो । तर, ममीले काम गर्ने वेला जान पर्दैन भन्नुभयो । त्यसपछि गुरु संघरत्न महर्जन घरमै आएर सबै खर्चको व्यवस्था गरेर लैजानुभयो । त्यो खेलमा म छनोट पनि भएँ,' उनले भनिन् ।



तस्बिर : अमुल थापा

सानुमाया जसोतसो अगाडि बढिरहिन् । विद्यालय शिक्षा पूरा गरिन् । ११ कक्षा भर्ना हुनेबित्तिकै सेनामा भर्ना भइन् । त्यसपछि नेपाली सेनाबाटै कराँते खेल्न थालिन् । 'मैले जानेको भनेको यही कराँते हो । त्यसैले यसमै केही गर्छु भन्ने लाग्यो । बिस्तारै मैले राष्ट्रियस्तरका खेल खेल्न थालें,' उनले भनिन् । सेनाबाटै विभिन्न प्रतियोगिता खेलिन् । कुमुते विधा छाडेर उनी काता विधामा खेल्न थालिन् ।

सानुमायाले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा स्वर्ण पदक, सातौं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा स्वर्ण पदक, नवौं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा स्वर्ण पदक हात पारेकी छिन् । योबाहेक श्रीलंका, भारतमा भएका अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा समेत उनले स्वर्ण पदक ल्याएकी छिन् ।

गत ९ देखि ११ जेठसम्म उज्वेकिस्तानको तासकन्दमा भएको २१औं एकेएफ एसियन सिनियर कराँते च्याम्पियनसिपमा भएको प्रदर्शनका आधारमा विश्व च्याम्यिनसिपमा छनोट भइन् । उनले कहिल्यै नसोचेको सफलता हात पारिन् । एसियन गेमसम्म पुग्ने लक्ष्य बनाएकी सानुमाया विश्व च्याम्पियनसिप नै खेल्ने भइन् । 'उज्वेकिस्तान पुगेपछि म नआउनु यहाँसम्म आएँ केही गर्छु भन्ने भयो । मलाई म मात्र होइन, मेरो देश पनि चिनाउनुपर्छ भन्ने भयो । कन्फिडेन्ट भएर प्रतिस्पर्धामा उत्रिएँ । जसले गर्दा आज म वर्ल्ड च्याम्पियनसिप खेल्न जाँदै छु,' सानुमायाले भनिन् । सोही प्रदर्शनका आधारमा उनी विश्वका ९४औं खेलाडीमा गनिएकी छिन् । यही खेलपछि उनी केही मान्छेको नजरमा परिन् । यो खेलभन्दा अघि उनी धनबहादुर स्पोर्टस् एकेडेमी, आफन्त र ब्यारेकमा मात्र सीमित थिइन् ।

> राति दुई बजे नै बुबाआमासँगै उठ्नु, इँटा बनाउनु, बिहान नौ बजे हतार-हतार डेरामा आएर केही पाकेको छ भने खानु, छैन भने भोकै स्कुल कुद्नु अनि फेरि साँझ चार बजे इँटाभट्टामै पुग्नु उनको दैनिकी थियो । तर, सानुमायाको मिहिनेतले उनको दैनिकी बदलिएको छ । अनि अचेल विश्वच्याम्पनसिपमा कराँते खेल्न अभ्यासरत छिन् ।

■ छोडिन् इँटाभट्टा

जीवनको ऊर्जावान् दुई दशक उनले इँटाभट्टामै बिताइन् । त्यहीं खाइन्, खेलिन्, हुर्किइन् र काम गरिन् । इँटाभट्टामै हुर्किएकाले उनमाथि नराम्रो दृष्टिले हेरिन्थ्यो । जागिरे जीवन सुरु भए पनि उनले इँटा बनाउन सजिलो हुने पन्जालगायत सामान आमाबुबालाई लगिदिन्थिन् । तर, उनलाई मान्छेले हेर्ने दृष्टिकोण फेरिएन । इँटाभट्टामा काम गरेकै आधारमा उनलाई 'पाखे' शब्द प्रयोग गर्थे । 'त्यो ठाउँबाट आएको भन्दा यस्तो खान लाउन नै नपुग्ने ठाउँबाट आएको पाखे भन्थे,' उनले भनिन्,'त्यहाँका मान्छे दुंगा फुटाउने नै गरी दुःख गर्छन् । तर, खानलाउन जहिल्यै अभाव हुन्छ । त्यसैले सबैलाई हामी यस्तो ठाउँबाट आएको भन्न गाह्रो छ ।' यही कारण उनले अहिले त्यहाँबाट आफ्नो बुबाआमालाई पनि निकालेकी छिन् । करिब तीन महिनादेखि उनका आमाबुबा टनेल बनाएर खेती गर्छन् । टनेलनजिकै सानो कच्ची घर बनाएका छन् । टनेलबाहेकको समय उनको बुबा डकर्मीको काम गर्छन् ।

सानुमायाका लागि संतुगलको त्यो इँटाभट्टा जीवनको एउटा विश्वविद्यालय हो, जहाँबाट जीवनका धेरै मूल्यवान् कुरा सिकिन् । त्यसैले त्यो इँटाभट्टा र छेउछाउसँग अगाध प्रेम छ । तिता अनुभवको सँगालो नै किन नहोऊन् उनलाई ती पल भुल्न मन छैन । अहिले पनि त्यहाँ रहेका केही आफन्त भेट्न जाँदा नोस्टाल्जिक हुन्छिन् । 'अहिले सम्झिँदा अहो ! हामी यस्तो ठाउँमा हुर्केको भन्ने लाग्छ । मलाई ती दिनहरू याद आउँछ । त्यो ठाउँको धेरै माया लाग्छ,' उनले भनिन् । उनको यो सफलतालाई देखेर उनलाई छिमेकी, आफन्तले स्याबासी दिन्छन् । 'मेरा केही आफन्तले तैंले गरेर देखाइस् । छोरीमान्छे भनेर पनि यस्तो गरिस् भनेर रुनु पनि हुन्छ । स्याबासी दिनुहुन्छ,' उनले भनिन् ।

छोरी विश्व च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न जान लागिसकिन् । तर, उनको बुबाआमालाई अझै पनि उनले पाएको सफलताको महत्त्वबारे पत्तो छैन । पछिल्ला समय विभिन्न पत्रपत्रिका, टिभी, अनलाइनमा आएका समाचारबारे पनि जानकारी छैन । तर मिहिनेत, लगनशील र धैर्यलाई आत्मसात् गर्दै उनी विश्वलाई नेपाल चिनाउन जाँदै छिन् । कराँतेमै केही गर्ने आँट गर्दै छिन् । 'मलाई जसले यहाँसम्म ल्याउन सहयोग गर्नुभयो, सबैलाई धन्यवाद भन्न चाहन्छु । वर्ल्ड च्याम्पियनसिपमा आफ्नो बेस्ट दिनेछु,' उनले भनिन्, 'कराँतेले मलाई यहाँसम्म ल्याएको छ । त्यसैले म यसमै रहिरहन्छु । मिहिनेत गरिरहन्छु ।'

प्रविधि



● गेब्रियल गुलेन



● थोर सविन



एआई इयरबड साधन कि साध्य ?

> अहिले एआई बड्स प्रयोगात्मक चरणमै छ र यस क्रममा यसले केही भाषाहरूलाई एकअर्कोमा सटिकताका साथ अनुवाद गरेर देखाइसकेको छ । के यसको प्रयोग बढ्न थालेपछि भविष्यमा मानिसहरूमा अर्को भाषा सिक्नै पर्दैन ? यसको सामाजिक असर कस्तो हुनेछ ?

एआईको विकासले दिनप्रतिदिन नयाँ-नयाँ चमत्कार यथार्थमा बदलिँदै छ । त्यस्तै एक चमत्कार हो, बोलेको भाषालाई तत्समय अनुवाद गर्ने प्रविधि । मानौं तपाईं जापानमा हुनुहुन्छ, तर जापानी भाषा आउँदैन । तपाईंले कुरा गर्न लाग्नु भएको मित्रलाई पनि नेपाली आउँदैन । यस्तोमा सहयोगी हुनेछ, एआई बड्स । तपाईं र तपाईंका जापानी मित्रले यो उपकरण कानमा लगाएपछि तपाईंले नेपालीमा भन्नुभएको कुरा बड्सले जापानीमा बदलिदिन्छ भने उनले जापानीमा भनेको कुरा तपाईंले कानमा लगाउनु भएको बड्सले नेपालीमा बदलिन्छ । कुनै समय विज्ञान कथाजस्तो लाग्ने प्रविधि अब अन्तर-सांस्कृतिक सञ्चारको द्रुत समाधानको रूपमा बजारमा आउँदै छ ।

यस्ता एआई सञ्चालित उपकरण धेरै मानिसका लागि उपयोगी हुनेछ । विशेष गरी, पर्यटक तथा अन्तर्राष्ट्रिय व्यापार-व्यवसाय गर्नेहरूका लागि एआई बड्स वरदान साबित हुनेछ । अहिले एआई बड्स प्रयोगात्मक चरणमै छ र यस क्रममा यसले केही भाषाहरूलाई एकअर्कोमा सटिकताका साथ अनुवाद गरेर देखाइसकेको छ । के यसको प्रयोग बढ्न थालेपछि भविष्यमा मानिसमा अर्को भाषा सिक्नैपर्दैन ? यसको सामाजिक असर कस्तो हुनेछ ?

नयाँ प्रविधिले भाषाको सिकाइमा ठुलो परिवर्तनको सम्भावना देखाएको योपटक नयाँ होइन । केही वर्षयता डुओलिंगोजस्ता स्टार्टअपहरूले भाषालाई गेमजस्तो बनाएर नयाँ भाषा सिक्न पहिलेभन्दा सजिलो बनाउने वाचा गर्दै आएका छन् । यी एपहरूले निश्चित रूपमा पहिलेभन्दा धेरै मानिसलाई भाषाको सिकाइ सहज बनाइदिएको कसैले नकार्न सक्दैन । तथापि, अनुसन्धानले यी प्लाटफर्म र एपहरूले भाषा सिक्ने स्वाभाविक सामाजिक प्रक्रियालाई पूर्ण रूपमा प्रतिस्थापन गर्न असफल भएको देखाउँछ ।

भाषा सिकाउने एपहरूको ठुलो लोकप्रियतासँगै नयाँ भाषा सिक्न चाहने मानिसको संख्या पहिले सोचिएभन्दा विशाल रहेको देखाउँछ । जस्तो, सन् २०२४ को अन्त्यमा डुओलिंगोमा मात्र विश्वभर ११ करोड ३१ लाख मासिक सक्रिय प्रयोगकर्ता थिए, जुन अघिल्लो वर्षको तुलनामा ३६ प्रतिशत बढी हो । यो अमेरिकी विद्यालयहरूमा अंग्रेजीबाहेक अन्य भाषाहरूको कक्षा लिने विद्यार्थीहरूको संख्याभन्दा लगभग १० गुणा बढी हो ।

■ नयाँ भाषा सिक्नुको अर्थ

नयाँ भाषा सिक्ने हरेकको मूल उद्देश्य सो भाषा बोलेको बुझ्ने र आफूले पनि फर्काउनुहुन्छ । दोस्रो विश्वयुद्धदेखि, सरकारी विभाग र शिक्षा कार्यक्रमले किताबकेन्द्रित व्याकरण-अनुवाद विधिले अन्तर्क्रियामा उल्लेख्य फाइदा नगर्ने पाए । बिस्तारै व्यक्ति-व्यक्तिबिच प्रत्यक्ष कुराकानी गर्न सक्ने क्षमता भाषा कक्षाहरूको मुख्य लक्ष्य बन्यो । अहिले आएर महिनौ लगाएर विकास गर्न सकिने यो क्षमता कानमा एउटा उपकरण राखेकै भरमा हासिल हुने देखिँदै छ । यसले पारस्परिक अन्तर्क्रियामा क्रान्तिकारी परिवर्तन ल्याउने वाचा त गरेको छ । तर, भाषाको हकमा प्रविधि साधन मात्र हुन सक्छ, आफैंमा साध्य होइन ।

फरक भाषा बोल्ने सहरको भ्रमण गर्दा हरेकले त्यहाँको होटेल बुक गर्दा, बिल तिर्ने वेला, घुम्ने स्थानमा लिनुपर्ने टिकट किन्दा वा सहरवरिपरि आफ्नो बाटो पहिल्याउँदा भाषाको समस्या भोग्नुपर्ने हुन्छ । यस क्रममा एकअर्काका भाषा नबुझ्ने मानिस छन् भने तिनले टुटेफुटेको केही शब्द, इसारा वा यी मिश्रणमार्फत आफ्नो उद्देश्य पूर्ति गर्ने प्रयास गर्छन् । यस्तो अवस्थामा, सेवा लिन खोज्ने र दिन खोज्ने दुवै पक्ष एकअर्कालाई धैर्यतापूर्वक सुन्ने र बुझ्ने कोसिस गर्छन् । दुवैको मूल भाषा नभए पनि अंग्रेजीजस्तो कुनै साझा भाषा छ भने त्यसलाई पनि प्रयोगमा ल्याउने कोसिस गर्छन् ।

यस क्रममा हास्यरस, अनुहारको हाउभाउ, औपचारिकताको स्तर, स्वरको उतारचढाव, समय र शारीरिक भाषाले तपाईंले स्रोतालाई के भन्नुहुन्छ मात्र होइन, तर तपाईं कस्तो मानिस हो भन्ने कुराको पनि परिचय दिइरहेको हुन्छ । अर्थात् भाषा सिक्ने प्रक्रियामा एकअर्काप्रतिको सम्मान, विश्वास र अरू कसैको आँखाबाट संसारलाई हेर्ने इच्छासमेत प्रसारित भएको हुन्छ ।

वास्तवमा भाषा सिकाइ मानव काममध्ये सबैभन्दा बढी समय, एकाग्रताको माग गर्ने विषय हो । यस प्रक्रियामा जुन संज्ञानात्मक लचिलोपन, सहानुभूति, पहिचान र समुदायको विकास हुन्छ, त्यसलाई प्रविधिले गर्ने अनुवादले प्रतिस्थापन गर्न सक्दैन । अहिले जलवायु परिवर्तनका कारण बढ्दो बसाइँसराइ, रिमोट वर्क (कार्यालयभन्दा टाढा गरी काम गर्ने) र अवकाशपछि विदेशमा बस्ने प्रवृत्ति बढ्दै गएको समयमा नयाँ भाषा सिक्नुपर्ने आवश्यकता घट्नुको सट्टा बढ्नेछ । एआईजडित बड्सले कहिलेकाहीं हुने सञ्चारलाई सहज बनाउला, तर दिनहुँ अन्तर्क्रियाका लागि प्रविधिबिचमा आइरहँदा मानिसलाई असहज लाग्न सक्छ । एक ठाउँमा बस्दै जाँदा प्रायः पारिवारिक र अन्य सम्बन्ध जोडिने भएको प्रत्यक्ष अन्तर्क्रिया नभइहुँदैन ।

एप्पलको पछिल्लो इयरबड्सलगायत अन्य उपकरणहरूले बोल्दाबोल्दैको भाषा अनुवाद गर्न सक्ने बताइएको छ । यी नवीनतम एआई प्रविधि निश्चित रूपमा शक्तिशाली उपकरण हुन्, जसले व्यक्तिगत दोभाषेजस्तै काम गर्नेछ । तर, दोभाषेमा भरपर्दा आइपर्ने समस्या यसका पनि हुनेछन्, विशेषतः कुनै-कुनै अवस्थामा अर्थको अनर्थ लाग्ने, प्रत्यक्ष संवादमा हुने आत्मीयता नहुने र यसका कारण पारस्परिक विश्वासको कमी हुनेछ । अर्थात्, प्राविधिक दोभाषेले छोटो अवधिका संवादलाई सजिलो त बनाउँछ, तर यसले नयाँ भाषाको सिकाइले दिने दीर्घकालीन फाइदा र सामाजिक एकीकरण वृद्धिलाई कमजोर बनाउँछ ।

कुनै पनि नयाँ भाषाको सिकाइ समय लाग्ने, अनिवार्य रूपमा घर्षणयुक्त काम हो । तर, यसले धेरै पक्षमा लाभ पनि दिइरहेको हुन्छ । अन्तरव्यक्तिगत रूपमा, फरक भाषाको ज्ञान र प्रयोगले त्यस भाषाको सांस्कृतिक ज्ञान मात्र बढाउँदैन, संज्ञानात्मक सहानुभूतिलाई समेत बढावा दिन्छ । यसका साथै, धेरै भाषा जान्ने व्यक्तिहरूमा बुढौलीमा बिर्सिने रोग(डिमेन्सिया)को सम्भावना कम हुने, बहुदृष्टिकोण र व्याख्याहरूको स्वीकृति बढ्ने, र फरक संस्कृतिप्रतिको पूर्वाग्रह घट्ने अध्ययनले देखाएको छ । खासमा आजको एआई युगमा महत्त्वपूर्ण बन्दै गएका धेरै विशेषता- लचिलोपन, आजीवन सिकाइ, विश्लेषणात्मक तथा रचनात्मक सोच, सक्रिय सुनाइ - सबै भाषा सिकाइबाट हासिल हुन्छ ।

त्यसोभए, एआईले पर्यटकलाई नयाँ सहर घुम्न आवश्यक पर्ने केही वाक्यांश, अनौपचारिक लवज सिकाइदिने र सहर घुम्न पनि यसैले सहयोग गर्दैमा नयाँ भाषा सिक्नुको अर्थ हराउँछ त ? हराउँदैन । किनकि भाषा क्षणिक भेटघाटका आवश्यकता पूरा गर्ने औजार मात्र होइन । खासमा यसले त मानवमा केही स्थायी क्षमता विकास गराउन सक्छ । जुन हुन्, जिज्ञासा, सहानुभूति, अरूप्रतिको गहिरो बुझाइ, पहिचानको पुनः आकार र स्थायी संज्ञानात्मक वृद्धि । बरु, भाषा सिकाइका केही पक्षमा जेनेरेटिभ एआईलाई जोडेर सिकाई अझ प्रभावकारी बनाउन सकिन्छ । जस्तो, शिक्षकले धेरै समय दिनुपर्ने सामान्य त्रुटि सुधार्ने, शब्द अर्थ रटाउनेजस्ता प्राविधिक पक्ष एआईको जिम्मा दिएर कक्षाकोठामा शिक्षकले भाषाको सांस्कृतिक रूपमा समृद्ध र सूक्ष्म संवादमा जोड दिन सकिन्छ । यसले अन्तरसांस्कृतिक, जीवन्त सञ्चार, र सम्बन्ध निर्माणमा आधारित शिक्षण दृष्टिकोण फस्टाउने अवसर प्रदान गर्छ । सिकारुहरूले एआई इयरबड्सका उपलब्धि अँगाल्दै नयाँ भाषा सिकाइको दिगो लाभ लिन सक्छन् ।

*(गुलेन मिडलबरी कलेजका भाषा अध्ययनका प्राध्यापक हुन् भने सविन सोही कलेजका भाषाशास्त्रका प्राध्यापक हुन् । द कन्भरसेसनबाट **श्रवण उप्रेती**को अनुवाद)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार ६ मंसिर ०८२

■ लुम्बिनी प्रदेशमा निराशाजनक पुँजीगत खर्च

स्वास्थ्य मन्त्रालयको ६३ प्रतिशत प्रगति, चार मन्त्रालयको खर्च शून्य

पुँजीगततर्फ २३ अर्ब ४७ करोड रुपैयाँ विनियोजन भए पनि कात्तिक मसान्तसम्ममा ९.७३ प्रतिशत मात्रै प्रगति



मन्त्रालय	खर्च रकम	प्रगति
स्वास्थ्य मन्त्रालय	९९ करोड ५२ लाख ७१ हजार ९ सय ३३	६३.३३%
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	९० लाख ४५ हजार ५ सय ३६	७.८२%
भौतिक पूर्वाधार विकास मन्त्रालय	७२ करोड ७९ लाख ५६ हजार ८ सयस १३	७.५७%
सहरी विकास तथा खानेपानी मन्त्रालय	४५ करोड ३४ लाख ८० हजार ७ सय ९९	८.४६%
आर्थिक मामिला तथा योजना मन्त्रालय	११ लाख ३१ हजार २ सय ९२	५.६६%
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	५ करोड ४६ लाख ५२ हजार १ सय	२.२७ %
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१८ लाख ४० हजार ८ सय ८५	६.२० %
वन तथा वातावरण मन्त्रालय	२ करोड ६ लाख ५६ हजार ५सय ५७	१.९५ %
सामाजिक विकास मन्त्रालय	१ करोड ११ लाख १३ हजार ९ सय ७६	०.८८ %
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय	७५ लाख ७९ हजार ५३	०.६५ %
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४६ हजार ४७ रुपैयाँ	०.०३ %
युवा तथा खेलकुद मन्त्रालय	२२ करोड ७० लाख ५० हजार	०%

चालू आवमा कुल बजेटको ६० प्रतिशत पुँजीगतर्फ विनियोजन

लुम्बिनी प्रदेशले चालू आर्थिक वर्ष ०८२/८३ मा ३८ अर्ब ९१ करोडको बजेट कार्यान्वयन गरिरहेको छ। जसमध्ये चालूतर्फ १२ अर्ब एक करोड ४७ लाख ८६ हजार अर्थात् ३० दशमलव ८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६० दशमलव ३२ प्रतिशत रहेको छ। यति ठुलो रकम पुँजीगततर्फ विनियोजन भए पनि खर्च हुन नसक्दा जनभावनाअनुसार प्रदेशको विकास निर्माणले गति लिन सकेको छैन।

बुटवलमा **विष्णु घिमिरे**

लुम्बिनी प्रदेशमा चालू आर्थिक वर्ष ०८२/८३ को कात्तिक मसान्तसम्म पुँजीगत खर्च निराशाजनक छ। प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार चार महिनामा कुल ९.३७ प्रतिशत मात्रै खर्च भएको छ भने चार मन्त्रालयको प्रगति एक प्रतिशत पनि छैन।

सबैभन्दा धेरै खर्च स्वास्थ्य मन्त्रालयले गरेको छ। पुँजीगततर्फ ९९ करोड ५२ लाख ७१ हजार नौ सय ३३ रुपैयाँ खर्च गरेर कुल प्रगति ६३.३३ प्रतिशत पुगेको लेखा नियन्त्रण कार्यालयले जनाएको छ।



कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले पुँजीगततर्फ ९० लाख ४५ हजार पाँच सय ३६ रुपैयाँ अर्थात् ७.८२ प्रतिशत खर्च गरेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयको ७२ करोड ७९ लाख ५६ हजार आठ सय १३ रुपैयाँ अर्थात् ७ दशमलव ५७ प्रतिशत, सहरी विकास तथा खानेपानी मन्त्रालयले ४५ करोड ३४ लाख ८० हजार सात सय ९९ रुपैयाँ अर्थात् आठ दशमलव ४६ प्रतिशत खर्च गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको ११ लाख ३१ हजार दुई सय ९२ अर्थात् ५.६६ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले पाँच करोड ४६ लाख ५२ हजार एक सय अर्थात् २.२७ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १८ लाख ४० हजार आठ सय ८५ अर्थात् ६.२० प्रतिशत, वन तथा वातावरण मन्त्रालयले दुई करोड ६ लाख ५६ हजार पाँच सय ५७ रुपैयाँ अर्थात् १.९५ प्रतिशत पुँजीगत खर्च गरेका छन्।

चार मन्त्रालयले एक प्रतिशत पनि पुँजीगत खर्च गर्न सकेका छैनन्। सामाजिक विकास मन्त्रालयले एक करोड ११ लाख १३ हजार नौ सय ७६ रुपैयाँ (०.८८ प्रतिशत), उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले ७५ लाख ७९ हजार ५३ (०.६५ प्रतिशत) र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ४६ हजार ४७ रुपैयाँ (०.०३ प्रतिशत) मात्रै खर्च गरेका छन्। युवा तथा खेलकुद मन्त्रालयका लागि विनियोजित २२ करोड ७० लाख ५० हजारबाट एक रुपैयाँ पनि खर्च हुन सकेको छैन।

सम्मानित हुनेले कति तिरे कर ?

सर्वाधिक कर तिर्ने संस्थाका रूपमा पुरस्कृत नेपाल दूरसञ्चार प्राधिकरणले आर्थिक वर्ष ०८०/८१ मा ५ अर्ब ९६ करोड दाखिला गरेको छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

राष्ट्रिय कर दिवसको अवसर पारेर आन्तरिक राजस्व विभागले गत १ मंसिरमा धेरै कर दाखिला गर्ने १६ संस्था तथा व्यक्तिलाई सम्मान गरेको छ। त्यसमध्ये आठ संस्था ठुला करदाता रहेका छन्।

अर्थ मन्त्रालयमातहतको ठुलो करदाता कार्यालयबाट प्राप्त विवरणअनुसार सबैभन्दा बढी दूरसञ्चार प्राधिकरणले पाँच अर्ब ९६ करोड ६ लाख ६१ हजार दुई सय ९२ रुपैयाँ कर दाखिला गरेको छ। संस्थागततर्फ सबैभन्दा बढी कर दाखिला गरेका आधारमा प्राधिकरणलाई सम्मानित गरेको विभागले जनाएको छ। त्यस्तै, दोस्रो धेरै कर दाखिला गर्नेको सूचीमा रहेको इन्भेष्टमेन्ट मेगा बैंकले तीन अर्ब २७ करोड ७२ लाख २७ हजार दुई सय ६९ रुपैयाँ दाखिला गरेको कार्यालयले जनाएको छ। बैंक, वित्तीय संस्था र बिमाको कारोबार गर्नेमध्येबाट इन्भेष्टमेन्ट बैंक उत्कृष्ट करदाता घोषित भएको हो।

खाद्यान्न, लत्ताकपडासहित ग्रोसरीको कारोबार गर्ने भाटभटेनी सुपर मार्केट एन्ड डिपार्टमेन्टल स्टोरले ५८ करोड ८७ लाख ५१ हजार चार सय सात रुपैयाँ कर दाखिला गरेको ठुला करदाता कार्यालयले जनाएको छ। भाटभटेनीले वस्तु व्यापारतर्फबाट सबैभन्दा बढी कर दाखिला गरेर सम्मानित भएको हो। युनिलिभर नेपालले ४३ करोड ७६ लाख ७७ हजार सात सय ४५ र डाबर नेपालले ३५ करोड ९६ लाख दुई हजार पाँच सय २२ रुपैयाँ कर दाखिला गरेका छन्। युनिलिभर विशेष उद्योगतर्फ र डाबर नेपाल वस्तु निर्याततर्फ सम्मानित भएका हुन्।

ऊर्जामूलक उद्योगतर्फ सम्मानित भएको भोटेकोशी पावर कम्पनीले २९ करोड १६ लाख पाँच हजार एक सय ३५, पर्यटन व्यवसायतर्फ सम्मानित भएको सोल्टी होटेलले १४ करोड ९६ लाख ९० हजार नौ सय १२ र स्वास्थ्य तथा शैक्षिक संस्थाहरूमध्येबाट सम्मानित भएको नोबेल मेडिकल कलेज एन्ड टिचिङ हस्पिटलले १४ करोड ९६ लाख ९० हजार नौ सय १२ रुपैयाँ कर दालिखा गरेको कार्यालयले जनाएको छ।

त्यस्तै, थर्डआई इन्टरनेसनल, भेरिक्स नेपाल, पोसक ब्रिडर फार्म, सिडिएस एन्ड क्लियरिङ, आइएमई, नेपाल टेलिकम, भिएफ सर्भिसेज र व्यक्तिगततर्फ राजबहादुर शाह सम्मानित भएका थिए। कर प्रशासन र करदातासँग पारदर्शी सहकार्य, नीति संवाद र दिगो साझेदारीलाई बल पुग्ने गरी बर्सेनि धेरै कर तिर्ने संस्था तथा व्यक्तिलाई सम्मान गर्दै आएको विभागले जनाएको छ।



आन्तरिक राजस्व विभागले उत्कृष्ट करदाता घोषित गरेमध्ये ठुला करदाता कार्यालयमा दर्ता भई सम्मानित भएका व्यावसायिक प्रतिष्ठानले बुझाएको कर विवरण

स्रोत : ठुला करदाता कार्यालय

● नेपाल दूरसञ्चार प्राधिकरण	● नेपाल इन्भेष्टमेन्ट मेगा बैंक	● भाटभटेनी सुपर मार्केट	● युनिलिभर नेपाल
५ अर्ब ९६ करोड ६ लाख ६१ हजार २ सय ९२	३ अर्ब २७ करोड ७२ लाख २७ हजार २ सय ६९	५८ करोड ८७ लाख ५१ हजार ४ सय ७	४३ करोड ७६ लाख ७७ हजार ७ सय ४५
● डाबर नेपाल	● भोटेकोशी पावर कम्पनी	● सोल्टी होटेल लिमिटेड	● नोबेल मेडिकल हस्पिटल
३५ करोड ९६ लाख २ हजार ५ सय २२	२९ करोड १६ लाख ५ हजार १ सय ३५	१४ करोड ९६ लाख ९० हजार ९ सय १२	१० करोड ८१ लाख २२ हजार ३ सय ५०

फरक-फरक संस्थामार्फत २५.५९ अर्ब कर बुझाएको चौधरी ग्रुपको दाबी

चौधरी ग्रुपले आर्थिक वर्ष ०८१/८२ मा २५ अर्ब ५९ करोड रुपैयाँ कर तिरेको दाबी गरेको छ। ग्रुपले आव ०८०/८१ मा भने १८ अर्ब ५२ करोड रुपैयाँ कर तिरेको जनाएको छ।

गत १ मंसिरमा आयोजित राष्ट्रिय कर दिवसमा चौधरी समूह उत्कृष्ट करदातामा नपरेको भन्दै सर्वसाधारणले गरेको आलोचनापछि विज्ञप्तिमार्फत सरकारलाई बुझाएको कर विवरण सार्वजनिक गरेको हो। व्यावसायिक समूहहरूले सरकारलाई तिरेको कर अलग्गै वर्गीकृत गरी सार्वजनिक गर्ने प्रणाली नभएकाले कतिपय समयमा करदाताको वास्तविक योगदानबारे जनमानसमा भ्रम उत्पन्न हुने गरेको भन्दै चौधरी ग्रुपले प्रस्टीकरण पनि दिएको छ।

'आर्थिक वर्ष ०८०/८१ मा १८.५२ अर्ब कर तिरेको चौधरी ग्रुपले गत आवमा सात अर्बभन्दा बढी कर राज्य ढुकुटीमा दाखिला गरेको छ, जसले चौधरी ग्रुपको लगानी वृद्धि तीव्र गतिमा रहेको प्रस्ट पार्छ,' विज्ञप्तिमार्फत ग्रुपले भनेको छ। पछिल्लो पाँच वर्षमा सरकारलाई कुल ९२ अर्ब २६ करोड रुपैयाँ कर तिरेको पनि जनाएको छ।

चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले स्थापित तथा नयाँ दुवै व्यवसाय विस्तारमार्फत राजस्वमा योगदान बढाउँदै लगेको बताए। 'चुनौतीबिच पनि देशको ढुकुटी मजबुत बनाउन पाउँदा गर्व लागेको छ,' उनले भने।

पुस दोस्रो सातादेखि बागलुङ महोत्सव



बागलुङ/ बागलुङ उद्योग वाणिज्य संघको आयोजनामा आगामी पुस दोस्रो सातादेखि महोत्सव हुने भएको छ। ०५९ देखि संघले आयोजना गर्दै आएको महोत्सव यसपटक पर्यटन, कृषि, औद्योगिक व्यापार मेला एवं आठौं बागलुङ महोत्सव-२०८२ का रूपमा आयोजना गर्न लागिएको हो।

कला-संस्कृतिको संरक्षण, पर्यटन तथा कृषि उद्योग तथा व्यापारको प्रवर्द्धन भन्ने नारालाई आत्मसात् गर्दै र परम्परालाई निरन्तरता दिँदै आयोजना गर्न लागिएको संघका अध्यक्ष राजनकुमार शाक्यले बताए। महोत्सव ११ देखि २१ पुससम्म सञ्चालन हुनेछ। बागलुङ नगरपालिका- १, बाँगेचौर खेलमैदानमा हुने महोत्सवमा डेढ सयदेखि दुई सयसम्म व्यापारिक स्टल रहने आयोजकले जनाएको छ। आठ लाख दर्शकले अवलोकन गर्ने आकलन गरिएको महोत्सवमा एक करोड ७० लाख खर्च हुने अनुमान गरिएको छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा नतिर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति डेभलपमेन्ट बैक आफूले सकार गरी लिने सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०८/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट निम्न बमोजिमको ऋणीले विभिन्न कर्जा शीर्षक अर्न्तगत विभिन्न कजाहर्रु उपभोग गर्दै आएको र धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्न सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र आह्वान गर्दा समेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कर्जाको सम्पूर्ण साँवा ब्याज भुक्तानी गरी आफ्नो घर/जग्गा तथा सवारी साधन फुकुवा गराउन सम्बन्धित ऋणी र जमानी दिनुहुने महानुभावहरू समेतलाई अन्तिम पटक यो सूचनाद्वारा जानकारी गराइन्छ। उल्लेखित मिति भित्र पनि कर्जा चुक्ता नगरेमा तपसिल बमोजिम यस डेभलपमेन्ट बैंकमा धितोमा रहेको अचल सम्पत्ति डेभलपमेन्ट बैंक आफैले सकार गरी लिने हुँदा सम्बन्धित ऋणी र धितो जमानी दिनुहुने महानुभावहरू समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ऋणी/अध्यक्ष/अ. प्रा. व्यक्ति/संचालक/जमानीकर्ताको विवरण	सुरक्षणमा रहेको धितोको विवरण
१. ऋणी: चन्द्रपुर डाइग्नोष्टिक एण्ड इमेजिङ्ग सेन्टर प्रा.लि दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. : २१२०३७/०७५/०७६ दर्ता मितिः २०७५/१२/१७, पान नं.: ६०६८३५८४० ठेगाना : चन्द्रपुर न.पा-०४, रौतहट **अध्यक्ष/अ. प्रा. व्यक्ति/संचालक/जमानीकर्ताको नाम: श्याम किशोर चौधरी** (शेयरधनी) बुबाको नाम : वोध नारायण बाजेको नाम : खेना चौधरी ठेगाना : रघुनाथपुर-०५, रौतहट ना.प्र.नं. : १२६, जारी मिति : २०५९/०४/३० जारी गर्ने कार्यालय : जि.प्र.का., रौतहट **कर्जा लिएको शाखा : बालुवाटार, काठमाडौं**	१) श्री मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा चन्द्रपुर डाइग्नोष्टिक एण्ड इमेजिङ्ग सेन्टर प्रा.लिको नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर न.पा. वडा नं. ०१ स्थित कि.नं. ९२९ को क्षेत्रफल ३३९.८२ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २) श्री मालपोत कार्यालय, रौतहटमा निता चौधरीको नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, विश्रामपुर वडा नं. ०४ स्थित कि.नं. १९३ र ७३३ को क्षेत्रफल क्रमशः २७०९.०४ व.मी र ५०७.९३ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३) श्री मालपोत कार्यालय, रौतहटमा सिन्धु कुमारीको नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, सिमराभवानीपुर वडा नं. ०५ स्थित कि.नं. ४६७ को क्षेत्रफल ३३५२.५३ व.मी को जग्गा तथा सो ले चर्चे को सम्पूर्ण लिगलगापात समेत। ४) श्री मालपोत कार्यालय, कलैया, बारामा यशोमति चौधरीको नाममा दर्ता कायम रहेको बारा जिल्ला, जयनगर च्युटाहा वडा नं. ०२ स्थित कि.नं. १२३२ र १२३८ को क्षेत्रफल क्रमशः ६९७.३७ व.मी र ५२७४.१६ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

संचालक/जमानीकर्ताको विवरण

क) नाम: विरेन्द्र प्रसाद चौधरी (शेयरधनी)
बाबुको नाम : राम स्वरुप बढा
बाजेको नाम : बलि बढा
ठेगाना : रंगपुर-०१, रौतहट
ना.प्र.नं. : १७५६, जारी मिति : २०४४/१२/२८,
जारी गर्ने कार्यालय : जि.प्र.का., रौतहट

ख) नाम : निता चौधरी
पतिको नाम : श्याम किशोर चौधरी
ससुराको नाम : वोध नारायण
ठेगाना : रघुनाथपुर-०५, रौतहट
ना.प्र.नं. ३२२०८३/२०४६, जारी मितिः २०६९/०९/२५
जारी गर्ने जिल्ला : जि.प्र.का., रौतहट

ग) नाम : सुरेन्द्र चौधरी (शेयरधनी)
बाबुको नाम : शिउ मंगल चौधरी
बाजेको नाम : राम चालिस चौधरी
ठेगाना : प्रतापपुर पल्टुवा-०४, रौतहट
ना.प्र.नं. : ४६६७, जारी मिति : २०६३/०९/२२,
जारी गर्ने कार्यालय : जि.प्र.का., रौतहट

घ) नाम : यशोमति चौधरी (शेयरधनी)
पतिको नाम : दिपेन्द्र प्रसाद चौधरी
ससुराको नाम : भैरव प्रसाद चौधरी
ठेगाना : पथरा-०१, बारा
ना.प्र.नं.: ३४३३/१८८९
जारी मिति : २०५८/०७/१६
जारी गर्ने कार्यालय : जि.प्र.का., बारा

ङ) नाम : सिन्धु कुमारी
पतिको नाम : सुरेन्द्र चौधरी
ससुराको नाम : शिउ मंगल चौधरी
ठेगाना : प्रतापपुर पल्टुवा-०४, रौतहट
ना.प्र.नं. : ३२३०६१/७६०
जारी मितिः २०६४/०१/०८
जारी गर्ने कार्यालय : जि.प्र.का., रौतहट

११ महिनाभित्र पेट्रोलियम परियोजना निर्माण थालिने

१५ दिनभित्र निगमले बैंक ग्यारेन्टी पेस गर्ने र भारतीय पक्षले टेन्डरको प्रक्रिया थाल्ने सहमति

अजित अधिकारी/नयाँ पत्रिका

कम्तीमा १५ अर्ब भारतीय अनुदानमा निर्माण हुने पेट्रोलियम परियोजना अघि बढाउन आयल निगमले आगामी सेप्टेम्बर (११ महिना)सम्मका लागि समय मागेको छ। यो अवधिसम्म निगमले झापा र चितवनको जग्गा तयार गरेर इन्डियन आयल कर्पोरेसन (आइओसी)लाई जिम्मा लगाउने कार्ययोजनासमेत पेस गरेको छ।

भारतीय अनुदानमा बन्ने दुईवटा पाइपलाइन र एउटा भण्डारगृहबारे शुक्रबार निगम र आइओसीका अधिकारी सम्मिलित उच्चस्तरीय संयुक्त समितिको बैठक चितवनको सौराहामा बसेको थियो। सो बैठकमा निगमले तत्कालै दुवै स्थानको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गरेर परियोजना निर्माणको सम्भाव्यताबारे यकिन जानकारी दिने पनि बताएको छ। निगमका निर्देशक विनीतमणि उपाध्यायले चितवनको इआइए तत्कालै थाल्ने र झापाको करिब डेढ महिनामा सकिने बताए।

'आगामी सेप्टेम्बरसम्म जग्गा तयार गरेर आइओसीलाई जिम्मा दिने हाम्रो प्रस्तावमा सहमति जुटेको छ,' उनले भने, 'अब इआइए, टर्मिनलको रेखांकन, पाइपलाइन बिछ्याउने रुटमा विभिन्न निकायबाट लिनुपर्ने स्वीकृतिलगायतका काम सक्नेतर्फ लाग्छौं। संयुक्त समितिमा यसअघिको लागत पुनर्मूल्यांकन गर्ने विषयसमेत उठेको छ। भारतले अनुदानमा बनाइदिने अमलेखगन्ज-चितवन पाइपलाइनको तीन अर्ब ८७ करोड २० लाख, सिलिगुडी-झापा पाइपलाइनको चार अर्ब २७ करोड २० लाख र झापाको मेचीनगर- १३ स्थित जग्गामा भण्डारगृह बनाउन ६ अर्ब ८६ करोड ४० लाख रुपैयाँ लागत अनुमान तयार गरिएको छ। उक्त प्रस्तावित लागतमा सामान्य हेरफेर हुन सक्ने उपाध्यायले जानकारी दिए।



विनीतमणि उपाध्याय
निर्देशक, आयल निगम

आगामी सेप्टेम्बरसम्म जग्गा तयार गरेर आइओसीलाई जिम्मा दिने हाम्रो प्रस्तावमा सहमति जुटेको छ। अब इआइए, टर्मिनलको रेखांकन, पाइपलाइन बिछ्याउने रुटमा विभिन्न निकायबाट लिनुपर्ने स्वीकृतिलगायतका काम सक्नेतर्फ लाग्छौं। आइओसीले पनि यो अवधिमा टेन्डर प्रक्रिया थालेर ठेकेदार छनोटसम्मको काम सक्ने जानकारी दिएको छ। हामी दुवै पक्ष निर्माणलाई गति दिने योजनामा छौं।

त्यस्तै, अमलेखगन्जमा बनाउने भण्डारगृहका लागि नौ अर्ब ४७ करोड २० लाख प्रस्ताव गरिएको छ। यो लागतसमेत पुनर्मूल्यांकन हुने भएको छ। शुक्रबारको बैठकमा आइओसीका तर्फबाट नेपालका लागि कन्ट्री म्यानेजर निरूपम राइजादाले नेतृत्व गरेका थिए भने नेपालको तर्फबाट निगमका नायब कार्यकारी निर्देशक दीपक बरालको नेतृत्वमा करिब १० जनाको टोली थियो। उपनिर्देशक प्रदीप यादवका अनुसार आगामी १५ दिनभित्र निगमले आइओसीलाई बैंक ग्यारेन्टी दिनेसमेत सहमति भएको छ। 'हामीले नेपालमा परियोजना अघि बढाउन बैंक ग्यारेन्टी दिएपछि आइओसीले टेन्डरलगायतका काम थाल्ने सहमति भएको छ,' उनले भने, 'शुक्रबारको बैठकले परियोजनालाई तत्कालै गति दिन मद्दत पुगेको छ।'



रोमाञ्चक खेलमा सुदूरपश्चिमले माऱ्यो बाजी

रमेश सुवेदी/नयाँ पत्रिका

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको शुक्रबार सुदूरपश्चिम रोयल्सले पोखरा एभेन्जर्समाथि १८ रनको रोमाञ्चक जित निकालेको छ। लगातार दोस्रो खेलमा सानदार जित निकाल्दै साबिक उपविजेता सुदूरपश्चिम लिगको शीर्ष स्थानमा उक्लेको छ। दोस्रो हारसँगै पोखरा पुछारमा रह्यो। एनपिएलको छैटौँ खेल रोमाञ्चकताले भरिएको थियो।

स्वदेशी तथा विदेशी खेलाडीले छक्का र चौकाको वर्षा गर्दै फुलहाउस भएको त्रिवि अन्तर्राष्ट्रिय रंगशालामा दर्शक कुनै पनि समय निराश बनेनन्। हारले पोखराका दर्शक निराश भए पनि उसका ब्याट्समान्यानले अन्तिम ओभरसम्म बाउन्ड्री लगाउँदै जितको प्रयास गरिरहेका देखिन्थे। त्यहीँ नै सुदूरपश्चिमले महत्त्वपूर्ण समयमा पोखराको विकेट झार्दै आफ्ना समर्थकलाई खुसी पार्दै संकटमोचन गरिरहेको थियो।


पोखराका जिमी निसिमको विकेट लिएपछि सुदूरपश्चिमका दीपेन्द्रसिंह ऐरी

पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा सात विकेट गुमाएर एक सय ९३ रनको विशाल योगफल खडा गऱ्यो। प्रत्युत्तरमा पोखराले २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ७५ रन जोड्यो। पोखराले लगातार दोस्रो खेलमा एक सय ९० रनमाथिको लक्ष्य पाएको हो। अघिल्लो खेलमा विराटनगरले एनपिएलको इतिहासमै दुई सय रनमाथिको योगफल खडा गरेको थियो। सो खेलमा पनि पोखराले प्रतिस्पर्धात्मक नै बनाएको थियो।

एकै खेलमा २३ छक्का र २७ चौका

हार र जित आ-आफ्नै स्थानमा छ। पोखरा र सुदूरपश्चिमबिचको खेलमा एकजना पनि समर्थक निराश भएनन्। उनीहरूलाई टी-२० फर्म्याटमा चाहिने छक्का र चौकाको वर्षा हो। पहिलो ब्याटिङ गरेको सुदूरपश्चिम बाउन्ड्री केन्द्रित हुँदा नै विपक्षीलाई विशाल योगफल दिन सफल भयो। पोखराको पावर प्लेमा फितलो भयो, तर मध्य र पुछारका ब्याट्समान्यानले विस्फोटक ब्याटिङ गरे। जसका कारण पोखराले वेला-वेलामा खेलमा फर्कँदै छनक देखाएको थियो। अर्कोतिर भने सुदूरपश्चिमका खेलाडी र समर्थक आत्तिएका थिए। तर, दीपेन्द्रसिंह ऐरीले न्युजिल्यान्डका जिमी निसिमको विकेट लिँदै खेल आफूतिर फर्काउन सफल भए। यस खेलमा कुल २३ छक्का र २७ चौका प्रहार भएको थियो। सुदूरपश्चिमका ब्याट्समान्यानले नौ छक्का र १८ चौका प्रहार गरे। पोखराले सर्वाधिक १७ छक्का र नौ चौका प्रहार गर्दै खेललाई सनसनी बनाउने प्रयास गरेको थियो।

निसिमको विकेट र दीपेन्द्रसिंहको ट्रेडमार्क सेलिब्रेसन

एक सय ९४ रन पछ्याएको पोखराको इनिङ्स एक समय दयनीय थियो। अमेरिकन स्पिनर हर्मित सिंहले पुनः एकपटक घातक बलिङ गरी दुई विकेट लिँदा पोखरा ४.२ ओभरमा २०-३ को स्थितिमा रह्यो। त्यसपछि न्युजिल्यान्डका अनुभवी ब्याट्समान्यान निसिम र कप्तान कुशल भुर्तेलले चौथो विकेटका लागि विस्फोटक साझेदारी गरे। दुवैले ४.२ देखि ११.३ ओभरसम्म ७५ रनको साझेदारी गरी पोखरालाई ९५-४ को सुदृढ अवस्थामा पुऱ्याए। ११.३ ओभरमा स्वयं कप्तान दीपेन्द्रसिंह बलिङ गर्न आए। उनको पहिलो दुई बलमा निसिमले विशाल छक्का लगाए। तेस्रो बलमा दीपेन्द्रसिंहले हल्का बल टर्न गर्दा निसिम विट हुँदा बोल्ड भए। निसिमले अति नै महत्त्वपूर्ण विकेट लिएको क्षण दीपेन्द्रसिंहको खुसीको सिमाना नै रहेन। उनले मैदानमा आफ्नो ट्रेडमार्क शैलीमा 'एक्रोब्याटिक' जम्प गरी खुसी मनाए। खेलपछि दीपेन्द्रसिंहले निसिमको विकेटपछि सुदूरपश्चिम फर्किएको बताए। 'हामीलाई कुशल वा जिमीमध्ये एकको विकेट खाँचो थियो, तर मैले जिमीलाई आउट पार्ने। त्यहींबाट हामी खेलमा फर्कियौं,' उनले भने, 'यी दुई क्रिजमा रहँदा हामीलाई डर लागेको थियो।' निसिम केवल विराटनगरसँगको खेलमा गोल्डेनडक भएका थिए। उनले २५ बलमा ४७ रन जोड्दा पाँच छक्का र दुई चौका प्रहार गरेका थिए।

सुदूरपश्चिमको आक्रामक ब्याटिङ

सहभागीमध्ये पोखराको बलिङ कमजोर देखिएको छ। पोखराको फितलो बलिङमा विराटनगरले कीर्तिमानी योगफल बनाएको थियो। सुदूरपश्चिमले पनि आफ्नो दोस्रो खेलमा यसको भरपूर फाइदा लियो। सुदूरपश्चिमका शीर्ष चार ब्याट्समान्यानले एक सय ५० स्ट्राइकमाथि ब्याटिङ गर्दा पोखराका बलर निरीह बने। ओपनर जोस ब्राउन र विनोद भण्डारीले पहिलो विकेटका लागि १०.४ ओभरमा एक सय आठ रनको साझेदारी गर्दै उत्कृष्ट सुरुवात दिलाए। जोसले ३५ बलमा ६ चौका र पाँच छक्का प्रहार गरी ६८ रनको योगदान दिए। त्यसपछि अस्ट्रेलियन क्रिस लियनले केवल १३ बलमा चार चौका र दुई छक्का प्रहार गरी ३१ रनको योगदान दिए। उनी आउट हुँदा सुदूरपश्चिम १३२-२ को बलियो अवस्थामा थियो। दीपेन्द्रसिंहले १० बलमा १५ रन जोडे। ओपनर विनोदले ४२ बलमा ४३ रन जोड्न ६ चौका हिर्काए। खेलमा पोखराका लागि जिमी निसिमले ४७ रन खर्चेर सर्वाधिक तीन विकेट लिए।

कुशलको लगातार दोस्रो अर्धशतक

पोखराको गतिलो साझेदारी भइरहँदा सुदूरपश्चिमले ब्रेक लिइरह्यो। उनीहरूको जितको कारण पनि 'विकेट ब्रेक' नै रह्यो। तर, पोखराका लागि कप्तान कुशल भुर्तेल डटेर क्रिजमा बसिरहे। उनले एनपिएलमा लगातार दोस्रो अर्धशतकीय इनिङ्स खेले। कुशलले ३२ बलमा समान चार चौका र छक्का प्रहार गरी सर्वाधिक ५३ रन जोडे। उनी इनिङ्सको १५.४ ओभरमा स्कट कुग्गेलिनबाट बोल्ड भएका थिए। सो इनिङ्समा डान डउथवेटले १६ बलमा पाँच छक्का र एक चौका प्रहार गरी ३७ रन जोडे।

आजको खेल

कर्णाली याक्स	बिहान ११:१५ बजे	लुम्बिनी लायन्स
विराटनगर किंग्स	दिउँसो ३:३० बजे	काठमाडौं गोर्खाज

म्याच प्रिभ्यु

लुम्बिनीलाई रोक्ने योजनामा कर्णाली

गत वर्षको नतिजा

कर्णाली याक्स १२८/८, लुम्बिनी लायन्स १२३/७
कर्णाली पाँच रनले विजयी

लुम्बिनी लायन्सले जितका साथ सिजन सुरुवात गर्दा कर्णाली याक्सले हारबाट गऱ्यो। गत सिजन अंकतालिकाको पुछारमा रहेको लुम्बिनीले दोस्रो सिजनमा उपाधि जित्ने लक्ष्यका साथ तयारी गरेको छ। विदेशी तथा स्वदेशी खेलाडीमा राम्रो लगानी गरेको कर्णालीले ब्याटिङ र बलिङमा गतिलो प्रदर्शन गर्न सकेन। दोस्रो खेलमा कर्णाली जितका साथ अगाडि बढ्न चाहन्छ। लुम्बिनीलाई गत सिजनको हारको बदला लिने अवसर पनि छ।

कर्णालीका प्रशिक्षक ज्ञानेन्द्र मल्लले लुम्बिनीविरुद्धको खेललाई महत्त्वपूर्ण मानेका छन्। लुम्बिनीले विश्वचर्चित वेस्ट इन्डिजका बायाँहाते ब्याट्समान शिवनारायण चन्द्रपाउललाई मुख्य प्रशिक्षक बनाएर त्यसको छनक एनपिएलमा देखाएको छ। लुम्बिनीले पहिलो खेलमा ब्याटिङ, बलिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शन गऱ्यो। कर्णालीसँगको खेलमा यसको निरन्तरता हुने विश्वास टोलीको छ। कप्तान रोहितकुमार पौडेलको कप्तानीमा रहेको लुम्बिनीको शीर्ष र मध्यक्रम ब्याटिङ बलियो छ।

अंकतालिका

टोली	खेल	जित	हार	अंक
सुदूरपश्चिम	२	२	०	४
काठमाडौं	२	१	१	२
लुम्बिनी	१	१	०	२
चितवन	२	१	१	२
विराटनगर	१	१	०	२
जनकपुर	१	०	१	०
पोखरा	२	०	२	०
कर्णाली	१	०	१	०

काठमाडौंविरुद्ध विराटनगरलाई अवसर

गत वर्षको नतिजा

विराटनगर किंग्स ११७ (१९.५ अलआउट), काठमाडौं गोर्खाज १२०/९
काठमाडौं एक विकेटले विजयी

गत सिजनमा विराटनगरमाथि काठमाडौंले रोमाञ्चक एक विकेटको जित निकालेको थियो। दोस्रो सिजनमा काठमाडौं र विराटनगरले टोली बलियो बनाउन अक्सन र विदेशी खेलाडीमा राम्रो लगानी गरेका छन्। यद्यपि, लगानीअनुसार काठमाडौं टोलीले सोचेजस्तो नतिजा निकाल्न सकेन। कर्णालीले पहिलो खेलमा कीर्तिमान योगफल बनाउँदै पोखरालाई सहजै हरायो।

काठमाडौंले साबिक विजेता जनकपुर बोल्ट्समाथि जित निकाल्दै उत्कृष्ट सुरुवात गऱ्यो। तर, दोस्रो खेलमा ब्याटिङ नचल्दा काठमाडौंको हार भयो। काठमाडौंका प्रशिक्षक मोन्टी देसाईले खेलाडीहरू जिम्मेवार नहुँदा नै हार भएको मान्छन्। उनले कर्णालीसँगको प्रतिस्पर्धामा यस्तो नहुने बताएका छन्। अर्कोतिर सन्दीप लामिछानेको कप्तानीमा रहेको विराटनगरले विदेशी खेलाडीमाथि धेरै खर्च गऱ्यो। यसको प्रतिफल पहिलो खेलमा देखियो।

जर्ज मुन्सी, मार्चेन्ट डे लागें, सनी पटेल तथा साम हेजाल्टजस्ता खेलाडीको साथ पाएको विराटनगरको दोस्रो खेलमा पनि आत्मविश्वास देखिन्छ। काठमाडौंले भने दोस्रो खेलमा सुदूरपश्चिमविरुद्ध उत्कृष्ट बलिङ गरे पनि ब्याटिङमा गतिलो प्रदर्शन गर्न सकेन। अलराउन्डरले भरिएको काठमाडौंले मध्यक्रम सुधार गर्नुपर्ने देखिन्छ। कप्तान करण केसी उत्कृष्ट फर्ममा रहँदा काठमाडौंको बलिङ पक्ष बलियो देखिन्छ। अघिल्लो खेलमा उनले चार विकेट लिँदै विपक्षी ब्याट्समान्यानलाई सचेत गराएका छन्।



प्लेयर्स टु वाच

गुल्सन झा (कर्णाली)



लुम्बिनीसँग प्रतिस्पर्धा गर्दा कर्णालीले फास्ट बलर गुल्सनबाट स्तरीय बलिङको अपेक्षा राखेको पक्कै हुनुपर्छ। पहिलो खेलमा चितवनविरुद्ध विकेटविहीन भएका गुल्सन फर्ममा आउँदा विपक्षी ब्याट्समान्यान दबाबमा आउने गर्छन्। राष्ट्रिय क्रिकेट टोलीका अनुभवी बलर बनिसकेका उनले आइसिसी विश्वकप लिग-२ मा अमेरिकाविरुद्ध तीन खेलमा एक विकेट लिए पनि कसिलो बलिङ गरेका थिए। कर्णालीका भरपर्दा गुल्सनले पुछारमा ब्याटिङ गर्दा स्ट्रोक लगाउने प्रयास गर्छन्। कतिपय अवस्थामा उनी सफल हुन्छन् पनि। चितवनसँगको खेल गुमाएको कर्णालीले लुम्बिनीलाई रोक्न बलिङ पक्ष राम्रो हुनुपर्छ। यसमा अनुभवी बलरहरूको भूमिका महत्त्वपूर्ण मानिन्छ। यसै भूमिकामा गुल्सनले आफूलाई प्रस्तुत गर्नुपर्ने हुन्छ।

सन्दीप जोरा (लुम्बिनी)



हडकङ सुपर सिक्सेजदेखि सन्दीप उत्कृष्ट फर्ममा छन्। यस सिजनको हडकङ सिक्सेजमा सर्वाधिक रन बनाउने ब्याट्समान नै उनी बनेका थिए। स्ट्रोक प्लेमा माहिर सन्दीपले पहिलो खेलमा चितवनविरुद्ध आवश्यकताअनुसार रन बटुले। उनले २८ रनको योगदान दिएका थिए। कर्णालीको बलियो बलिङ आक्रमणविरुद्ध उनी लुम्बिनीका लागि प्रभावशाली हुन सक्छन्। नेपालको राष्ट्रिय टोलीबाट एकदिवसीय र टी-२० आईमा डेब्यु गरिसकेका सन्दीपको स्ट्राइकर निकै राम्रो छ। उनले ३८ टी-२० आईमा १२०.१४ को स्ट्राइकमा ब्याटिङ गर्न रुचाउँछन्। टी-२० आईमा उनले चार अर्धशतकको सहयोगमा चार सय ८९ रन बनाएका छन्। सन्दीप फेरि एकपटक लुम्बिनीको माथिल्लो क्रममा उत्कृष्ट योगदान दिन चाहन्छन्।

सन्दीप लामिछाने (विराटनगर)



विराटनगरले आफ्नो पहिलो खेलमा विराटनगरमाथि जित निकाल्दा कप्तान सन्दीपको योगदान अहम् रह्यो। उनले एकै ओभरमा पोखराका दुई विकेट लिँदा विराटनगर खेलमा फर्किएको हो। एनपिएलमा विराटनगरले सानदार सुरुवात गरिसक्यो। अब यसको निरन्तरता दिलाउन कप्तान सन्दीपकै काँधमा बलिङ एट्याक्ट छ। त्रिवि क्रिकेट मैदानको पिचमा राम्रोसँग भिजेका उनले ड्यु फ्याक्टरमा उत्कृष्ट स्पिन गर्न सक्छन्। विराटनगरका स्वदेशी खेलाडीमध्ये सन्दीप डे-नाइट प्रतिस्पर्धामा सबैभन्दा अनुभवी खेलाडीमा पर्छन्। काठमाडौंको बलियो ब्याटिङ लाइनअपविरुद्ध उनले पावर प्लेपछि आफूलाई प्रयोग गर्न सक्छन्। यसमा काठमाडौंका ब्याट्समान्यान निकै सजक भएर प्रतिस्पर्धा गर्नुपर्छ। सन्दीप पनि आफ्नो प्रदर्शनलाई निरन्तरता दिने प्रयासमा छन्।

करण केसी (काठमाडौं)



काठमाडौंले सबैभन्दा विश्वास गरेका खेलाडी कप्तान तथा फास्ट बलर करण केसी हुन्। ब्याटिङमा एकरूपता प्रदर्शन गर्न नसकेको काठमाडौंले विराटनगरसँग प्रतिस्पर्धा गरिरहँदा करणबाटै धेरै आशा गरेको छ। सुदूरपश्चिमविरुद्ध चार विकेट लिएका करणले आफूलाई फिट बनाएका छन्। विशेषतः पावर प्ले तथा अन्तिम पाँच ओभरमा उनको बलिङ सटीक देखिन्छ। यसवेला विपक्षी ब्याट्समान्यानले सानो गल्ती गर्दा विकेट गुमाउँछन्। करणले विपक्षी ब्याट्समान्यानको मनोविज्ञानअनुसार बलिङ गर्छन्। ब्याटिङमा पनि आक्रामक खेल प्रस्तुत गर्ने भएकाले काठमाडौंलाई फाइदा नै छ। विराटनगरले करणको बलिङ र आक्रामक ब्याटिङ रोक्न विशेष योजना बनाउनुपर्छ।

■ आजको तस्बिर



रन पुगेन

त्रिवि क्रिकेट मैदानमा शुक्रबार सुदूरपश्चिमका स्कटबाट बोल्ड भएपछि पोखरा एभेन्जर्सका कप्तान कुशल भुर्तेल निराश हुँदै। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

अनुशासनको कारबाहीमा चितवनका बलर रिजन



चितवन राइनोजका बलर रिजन ढकाल दोस्रो संस्करणको एनपिएलमा आफ्नो दोस्रो खेललगत्तै अनुशासनात्मक कारबाहीमा परेका छन्। लुम्बिनी लायन्सविरुद्ध बिहीबार भएको खेलमा उनले आचारसंहिता उल्लंघन गरेपछि लेभल-१ अनुसार कारबाहीमा परेका हुन्। सो खेलमा उनले एलबिडब्लूको अपिल गरेका थिए। तर, अम्पायरले रिजनको एलबिडब्लू अपिल अस्वीकार गरे।

अम्पायरले ब्याट्समान्यानलाई नटआउट दिएपछि रिजनले निर्णयप्रति असन्तुष्टि जनाउँदै अभिव्यक्ति दिएका थिए। आइसिसीले अम्पायरको निर्णयप्रति अपशब्द प्रयोग गर्दा खेलाडीमाथि आचारसंहिताविपरीतको गतिविधि मानिन्छ। एनपिएलले पनि रिजनद्वारा लेभल-१ को नियम उल्लंघन गरेको जनाएको छ। कारबाही प्रक्रियाका क्रममा ढकालले आफ्नो त्रुटि स्वीकार गरेका छन्।

खेलाडीले आफूमाथि हुने सजाय स्विकारेको एनपिएलले जनाएको छ। एनपिएलको नियमअनुसार उनी चेतावनीसहित एक डिमेरिट प्वाइन्टका दन्डबाट गुज्रिएका छन्। सो खेलमा चितवन राइनोज ६ विकेटले पराजित भएको थियो।

जनकपुर बोल्ट्सलाई रमपमको निरन्तर साथ

नेपाल प्रिमियर लिगको साबिक विजेता जनकपुर बोल्ट्सले रमपम नुडल्ससँग एसोसिएट पार्टनरका रूपमा यसपालि पनि सहकार्य सम्झौता गरेको छ। सम्झौतामा जनकपुर बोल्ट्सका प्रबन्ध निर्देशक निरोज खतिवडा र रमपम नुडल्सका निर्देशक आशिष जाजूले हस्ताक्षर गरेका छन्। एनपिएलको फ्रेन्चाइज जनकपुरले रमपमसँगको सम्झौता व्यावसायिक साझेदारीभन्दा माथि रहेको जनाएको छ। उपाधि रक्षाको अभियानसहित एनपिएल सिजन दुईको सुरुवात गरे पनि जनकपुरले पहिलो खेलमा हारको सामना गरिसकेको छ। एनपिएलको पहिलो खेलमा काठमाडौं गोर्खाजले जनकपुरमाथि पाँच विकेटको जित हासिल गरेको थियो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com